आज मिति २०७३ पौष २५ गते विहान ८.० वजे अत्तरिया नगरपालिकाका प्रमुख एव्म कार्यकारी अधिकृत श्री मोहनप्रसाद मरासिनीको अध्यक्षतामा नगरपालिकाको चौथो नगरपरिषद् बैठक बसी देहायको निर्णय पारित गरियो ।

उपस्थिती
श्री मोहनप्रसाद मरासिनी– प्रमुख एव्म कार्यकारी अधिकृत

**अन्य उपस्थिती**
डिल्लीराज भट्ट– लेखा अधिकृत
हिरालाल चौधरी – ना.सु. पंञ्जीकरण शाखा
लाल बहादुर ऐर – स.ई. नक्सापास शाखा
राजेन्द्र भण्डारी – स.ई. सार्वजनिक निर्माण शाखा
मीन बहादुर ऐर– खरिदार राजश्व शाखा
पुष्कर भट्टराई– खरिदार (वडा सचिव)
रामचन्द्र राना– खरिदार
दुर्गा जोशी– खरिदार (बडा सचिव)
खगेन्द्र प्रसाद चौधरी –खरिदार (बडा सचिव)
भिमबहादुर बोहरा– अ.स.ई. (बडा सचिव)
जेलाल राना– कार्यालय सहयोगी
परमानन्द भट्ट– कार्यालय सहयोगी
लोकराज भट्टराई– कार्यालय सहयोगी
बासुदेव भट्ट– ह.स.चा.
तिर्थ चौधरी– ह.स.चा.
टिकाराम पाली– सामाजिक परिचालक
कृष्ण शाह– सामाजिक परिचालक
रञ्जना शाही – सामाजिक परिचालक
कलाबती चौधरी– सामाजिक परिचालक

निर्णय नं.१ : बडा भेला र बडा नागरिक मञ्चबाट छनौट तथा सिफारिश भई आएका मध्येबाट एकीकृत योजना तर्जुमा समितिको मिति २०७३/९/२१ देखि २४ सम्म बसेको बैठकबाट स्वीकृत भएका योजना नगरपालिकाको बोर्ड बैठक (मिति २०७३/९/२४) समेतबाट स्वीकृत भई पारित गर्न परिषद समक्ष पेश भए अनुसार पारित गर्ने निर्णय गरियो ।
निर्णय नं. २ : आगामी आर्थिक बर्ष ०७४/०७५ को नीति, कार्यक्रम, वजेट, करका दरहरु पारित गर्ने निर्णय गरियो । यसरी पारित भएका योजना नीति, कार्यक्रम, वजेट र करका दरहर यसै पुस्तिकामा टाँस गर्ने निर्णय गरियो ।
निर्णय नं. ३: आगामी आर्थिक बर्ष ०७४/०७५ को लागि चौथो नगर परिषदबाट पारित नीति, कार्यक्रम, वजेट, करका दरहरु मिति २०७३ पौष २५ गते दिनको ११ वजे एक समारोहका बीच सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

**अत्तरिया नगरपालिका प्रमुख तथा कार्यकारी अधिकृत श्री मोहनप्रसाद मरासिनी बाट आर्थिक वर्ष २०७४।०७५ का लागि प्रस्तुत नीति,कार्यक्रम तथा वजेट**

श्रद्धेय प्रमुख अतिथि माननीय बन तथा भूसंरक्षण राज्यमन्त्री श्री दिर्घराज भाटज्यू , विशिष्ट अतिथी पूर्व मन्त्री एवम ने.क.पा माओवादी केन्द्रका केन्द्रीय सदस्य श्रीमान् लेखराज भट्टज्यू, अतिथी श्रीमान प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालज्यू, अतिथी कैलालीका स्थानीय विकाश अधिकारी श्रीमान केशव कुमार बिमलीज्यू, शिवदल गण तेघरी ब्यारेकका गणपतीज्यू, नम्बर ५ बाहिनी अड्डा सैनिक आवासिय महाविद्यालयका प्रमुख प्राचार्यज्यू, सशस्त्र प्रहरी बैद्यनाथ बाहिनीका बाहिनी पति ज्यू,

कार्यक्रमका अतिथी कैलाली जिल्ला स्थीत विभिन्न कार्यालयका कार्यालय प्रमुज्यूहरु, दुर्गालक्ष्मी बहुमुखी क्याम्पस प्रमुखज्यू, सशस्त्र प्रहरी औद्योगिक गणका प्रहरी नायब उपरिक्षकज्यू, क्षेत्रीय ट्राफिक प्रहरी कार्यालयका प्रमुखज्यू, अत्तरिया नगर विकास समितीका अध्यक्षज्यू, अत्तरिया उद्योग वाणिज्य संघका अध्यक्षज्यू, ईलाका प्रहरी कार्यालयका प्रमुखज्यू तथा मन्चमा आसिन सम्पूर्ण अतिथीज्यूहरु, अत्तरिया नगरपालिकाको राजनीतिक संयन्त्रका पदाधिकारीज्यूहरु, एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु, विभिन्न गैरसरकारी संघ/संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, पत्रकार महासंघका पदाधिकारी लगायत सम्पूर्ण सञ्चारकर्मी मित्रहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका संयोजक एवम् प्रतिनिधिज्यूहरु, उद्योगी व्यवसायीज्यूहरु, बुद्धिजिवी, समाजसेवी, नागरिक समाज, महिला, दलित, जनजाति, मधेशी मुस्लीम, अपाङ्गता तथा बालबालिका वर्गको प्रतिनिधित्व गर्नुहुने प्रतिनिधिज्यू लगायत उपस्थित सम्पुर्ण महानुभावज्यूहरुलाई हार्दिक स्वागत गर्दछु,

यसै सन्दर्भमा सर्वप्रथम म लोकतान्त्रिक संघीय गणतन्त्रात्मक राज्यको स्थापनार्थ विभिन्न ऐतिहासिक कालखण्डमा आफ्नो प्राण आहुती गर्ने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१।१।२५ गतेको निर्णय अनुसार घोषणा भई कार्यान्वयन भएको यस अत्तरिया नगरपालिकाको चौथो नगर परिषद्ले पारित गरेको नीति, कार्यक्रम तथा बजेट यस गरिमामय उद्घाटन समारोहमा प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु । यो नीति, कार्यक्रम तथा वजेटले नगरको समग्र विकासको लागि मार्गदर्शनको रुपमा रहने विश्वास समेत लिएको छु । साथै यस सन्दर्भमा यस नीति, कार्यक्रम तथा वजेट तयार गर्ने सन्दर्भमा तय गरिएको विधि समेत केही स्मरण गर्न चाहन्छु ।

आदरणीय प्रमुख अतिथी, विशिष्ट अतिथि, अतिथी लगायत सम्पूर्ण उपस्थिती महानुभावहरु,

स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले स्थानीय निकायको योजना तर्जुमाका प्रक्रियाका बारेमा स्पष्ट व्यवस्था गरेको छ । स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधी नभएको विद्यमान अवस्थामा ऐन नियम तथा कार्यविधिका सबै विधि र प्रक्रियाहरुलाई पालना गर्दै योजना छनौट गर्न केही कठिनाई भएको अवस्था पक्कै हो । तथापी योजना तर्जुमा प्रक्रियालाई बढी भन्दा बढी बस्तुनिष्ठ, यथार्थपरक, सहभागीतामुलक र समावेशी बनाउन बडा भेलाबाट योजनाहरु छनौट गर्न लगाई बडा नागरिक मञ्चबाट प्राथमिकीकरण साथ एकीकृत योजना तर्जुमा समितिमा पेश गर्न लगाई एकीकृत योजना तर्जुमा समितिमा व्यापक छलफल गरी योजनाहरुको टुङ्गो लगाइएको छ । नगरपालिकाको उपलब्ध सिमीत श्रोत र साधनका कारण बडा भेलाले छनौट गरी पठाएका सबै योजनाहरु समावेश गर्न नसकिएको अवस्था छ । यस पटक समावेश हुन नसकेका योजनाहरु थप श्रोत प्राप्त भएका

अवस्थामा क्रमश कार्यान्वयन गरिदै जाने र आगामी वर्ष तीनै योजना छनौटमा प्राथमिकता दिने विश्वास दिलाउन चाहन्छु ।

**आदरणीय प्रमुख अतिथी, विशिष्ट अतिथि, अतिथी लगायत सम्पूर्ण उपस्थिती महानुभावहरु,**

साविकको श्रीपूर, बेलादेवीपूर, मालाखेती र गेटा गा.वि.स.हरु समाहित गरी घोषणा भएको कैलाली जिल्लाको मध्य भागमा अवस्थित यो नगरपालिका यस क्षेत्रको प्रमुख व्यापारिक नाका एवम् सुदुरपश्चिमको महत्वपूर्ण नगरीको रुपमा रहेको कुरा यहाँहरुमा विदित छदै छ । यस नगरपालिकाको पुर्वमा चौमाला गा.वि.स पश्चिममा कंचनपुर जिल्लाको कृष्णपुर नगरपालिका, उत्तरमा धार्मिक एवम् पर्यटकिय क्षेत्र गोदावरी गा.वि.स र दक्षिणमा धनगढी उपमहानगरपालिका रहेका छन् । विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रकृयामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई आफनो क्षेत्रको विकासको लागि स्रोत साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित र समान वितरण गर्न विकास प्रकृयालाई संस्थागत तुल्याउन, उत्तरदायित्व एवं जिम्मेवारी सहितको स्थानीय निकायको व्यवस्था ऐनमा भएको भएतापनी निर्वाचित जनप्रतिनिधी नभएको अवस्थामा राज्यले विनियोजन गरेको श्रोत साधनमा जनताको स्वामित्व र सहभागिता स्थापना गर्ने कुरामा जटिलता महसुस गरेको छु । विगत केहि वर्ष अघि देखि नेपाल सरकारबाट स्थानीय निकाय संचालन गर्ने जिम्मा कर्मचारीहरुलाई प्रदान गरिएको छ । कर्मचारीको काधमा रहेको यो जिम्मेवारी, जनताबाट निर्वाचित प्रतिनिधि लाई यथाशक्य चाडो सुम्पिन सकियो भने विकेन्द्रीकरणको मर्म अनुसार स्थानीय स्वायत्त शासन पद्धतिलाई सार्थक तुल्याउन सकिन्छ भन्ने हाम्रो मान्यता रहेको छ । जनप्रतिनिधिविहीन अवस्थामा पनि नेपाल सरकारको नीति, निर्देशन र निर्णय कार्यान्वयन सन्दर्भमा हामीले राजनीतिक दलहरुलाई जनताका प्रतिनिधिको रुपमा सहभागी गराउँदै आएका छौं । जसबाट सार्वजनिक सेवामा साझा जिम्मेवारी बहन गर्न र जनताका मुलभूत समस्याहरुलाई राजनीतिक दलहरु र राष्ट्रसेवकहरु एकै थलोमा बसी गम्भीर छलफल र विश्लेषण गरी सामूहिक प्रतिबद्धताका साथ निर्णय प्रक्रियामा पुग्न सहज भैरहेको छ ।

आदरणीय प्रमुख अतिथी, अतिथी लगायत सम्पूर्ण उपस्थिती महानुभावहरु,

लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि आम जनताको विकास निर्माणको चाहना र राज्यबाट गुणस्तरिय सेवा सुविधा पाउने तिब्र आकांक्षा रहेको हामीले महसुस गरेका छौँ । तर तुलनात्मक रुपमा आन्तरिक आय संकलन हुन नसक्दा र राज्यबाट प्राप्तहुने विकास अनुदान बढ्न नसक्दा नगरवासिहरुका विकास निर्माणमा माग र उपलब्ध श्रोत साधनको क्षमता विच सन्तुलन कायम गर्न कठिनाई हुदै आएको छ । सहभागितामुलक योजना तर्जुमा प्रकियावाट नगरपरिषदमा प्राप्त योजनाहरु मध्ये सकभर प्राप्त सुझाव र महत्वको आधारमा प्राथमिकरण गर्दै भुगोल र वस्तीलाई आधारमानि सन्तुलित गर्ने व्यवस्था मिलाएको छु । यस नगरपालिका भित्र थुप्रै समस्याहरु र चुनौतिहरु विद्यमान छन् । प्रदेश नं ७ को राजधानीको रुपमा समेत हेरिएको यस नगरपालिका जग्गा अतिक्रमण, सडक अतिक्रमण, अव्यवस्थित बसोबास नदी कटानले बर्षेनी जमीन क्षति हुदै गइरहेको छ । सार्वजनिक जग्गा उपलब्ध हुन नसक्दा नगरपालिकाले अति आवश्यक पूर्वाधारहरु कार्यालय भवन, बसपार्क, फोहरमैला व्यवस्थापनका लागि ल्याण्डफिल साइट, सार्वजनिक पार्कहरु निर्माण गरी नगरलाई व्यवस्थित गर्न सकिरहेको छैन । अव्यवस्थित, कच्ची सडक, भूक्षय, नदी कटान, फोहर मैला व्यवस्थापन, अव्यवस्थित बसोबास, सडक अतिक्रमण, अव्यवस्थित ढल निकास, शुद्व खानेपानी अभाव, गुणस्तरिय शिक्षाको अभाव, गरीवी र वेरोजगारी आदि समस्याबाट हामी पिरोलिएका छौ । नगरको व्यवस्थित र आधुनिक विकासका लागि नगरको समग्र विकासमा अति आवश्यक मानिने र योजना छनौटका लागि आधारको रुपमा लिन सकिने नगरपालिकाको बस्तुगत विवरण (नगर प्रोफाइल), सडक यातायात गुरुयोजना, नगर विकास गुरुयोजना लगायत आवधिक नगरविकास योजना निर्माण गरी काम गर्नुपर्ने अवस्था छ । गरीबको रेखामुनि रहेका मानिसहरुको जीवन स्तर उकास्न उत्तिकै कठिन छ । शिक्षा, स्वास्थ्य,

कृषि, सिचाई, सडक, खानेपानी लगायतका क्षेत्रमा नगरबासीले अपेक्षा गरे अनुसार रकम विनियोजित गर्न सकिएको छैन । विकास निर्माणको काममा नगरपालिका भर्खर बामे सर्दै छ । आन्तरिक श्रोत बृद्धि एवम् व्यवस्थित गरी सबै व्यवसायीहरुलाई करको दायरा भित्र ल्याउनु जरुरी छ । कर तिर्ने बानीको विकास गराउन धेरै कार्य गर्न बाकी छ । तसर्थ यस्ता जल्दावल्दा चुनौतीहरुलाई सकेसम्म संबोधन गर्न सकियोस भनेर राष्ट्रिय योजना आयोग , संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा बजेट सिलिङ्गलाई आधार मानि रकम बाँडफाड गरेका छौं । उपलव्ध श्रोत र साधनको मितव्ययिता र औचित्यता समेतलाई ख्याल गरी अधिकतम उपयोग गर्दै नगरवासिहरुलाई प्रत्यक्ष अनुभुति गर्न सक्ने नतिजामुखि कार्यक्रमलाई प्राथमितामा राख्ने व्यवस्था मिलाएको छु । यसै सन्दर्भमा यस नगरपालिकाको योजनावद्ध विकास प्रयासको थालनीका लागि यस नगर परिषद् मार्फत आगामी आ.व ०७४।७५ का लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम तय गरेका छौं ।

**<u>सेवा प्रवाहतर्फ :-</u>**

- नगरपालिकाको आफ्नै कार्यालय भवनको निर्माणका लागि रोजिन एण्ड टर्पेन्टाइनको घाट गद्धी रहेको बन क्षेत्रको जग्गा प्राप्तीको लागि पुन निरन्तर प्रयास जारी राख्दै विकल्पको रुपमा  नगरपालिका संयत्रको बैठक तथा बोर्डको हालैको बैठकको निर्णय अनुसार अत्तरिया चोकबाट २ कि.मी. भित्र पूर्व, पश्चिम, उत्तर, दक्षिण राजमार्गसंग जोडिएको वा एक कित्ता भित्र सम्मको उपयुक्त जग्गा खरिद गर्ने तर्फ प्रक्रिया अगाडी बढाई यसै बर्ष भवन निर्माण कार्यलाई अगाडी बढाइने छ ।
- नगरपालिकामा रिक्त रहेका दरबन्दी अनुसारको कर्मचारी खुला प्रतिस्पर्धाको माध्यामबाट छनौट गरी पदपूर्ति गर्न यसै आ.व भित्र विज्ञापन गरिने छ । यसरी रिक्त पदहरु पूर्ति भएपछि सेवा प्रवाहमा प्रभावकारीता आउने छ ।
- पदपूर्तिको माध्यामबाट कर्मचारी पदपूर्ति नभएसम्म नगरपालिकामा कार्यरत रहेका सामाजिक परिचालकलाई समेत कार्यालयको कामको जिम्मेबारी दिई कार्यालय प्रति पूर्ण जिम्मेबार बनाईने छ ।
- कर्मचारीहरुको क्षमता वृद्धी कार्यक्रम सञ्चालन गरि कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई गुणस्तरिय बनाईने छ ।
- पदपूर्तिको माध्यामबाट कर्मचारी पदपूर्ति नभएसम्म स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, क्षेत्रिय शहरी विकास आयोजनासंग प्राविधिक कर्मचारी मार्ग गरी तत्कालको आवश्यकतालाई परिपूर्ति गरी सेवा प्रवाहमा कमी आउन दिइने छैन ।
- सूचना प्रविधीको उपयोग लाई बढाई दिई E-GOVERNANCE पद्धती को सुरुवात गरिने छ ।
- नगरबासीले आफ्नो घर आगनबाटै सेवा पाउनुपर्ने अधिकारलाई सुनिश्चित गर्न बडा कार्यालयहरुलाई कार्यमुलक बनाइनेछ ।

**<u>आवास तथा भवन निमार्ण तर्फ  :-</u>**

- भूउपयोग योजना तयार गरी सोहि अनुसार कार्यान्वयन गरिनेछ ।
- शहरी विकास मन्त्रालयसँग समन्वय गरी व्यवस्थित बसोबासका लागी मापदण्ड बनाई **Land Poling programme** संचालनमा ल्याइनेछ ।
- उर्वर भुमिलाई  खण्डिकृत गरी जग्गा प्लटिङ्ग गर्ने कार्य निरुत्साहित गरिनेछ । नगरपालिकाको सहमती नलिई जग्गा प्लटिङ्ग गरेको पाइएमा कानुन बमोजिम कारबाहीको दायरामा ल्याइनेछ ।

- राष्ट्रिय भवन संहिता २०६० र भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२ लागु गरी सोही बमोजिम घरनक्सा पास गरिनेछ ।
- नगरक्षेत्र भित्रको सार्वजनिक जग्गाहरुको अतिक्रमणलाई रोकी उक्त स्थानमा पार्क, मनोरन्जन स्थल निर्माणमा जोड दिइनेछ ।
- नगरपालिकाद्धारा भवन संहिता तालिम प्रदान गरिएका डकर्मी मिस्त्रीहरुलाई भवन निर्माण कार्यमा अनिवार्य संलग्न गराउने नीति लिईने छ ।
- नगरपालिका हुनुपुर्व गाउँ विकास समितिबाट स्वीकृति लिई बनेका पक्की घरहरुलाई नगरपालिकाबाट नक्सापास गराउने व्यवस्था मिलाइने छ ।

**साझा पूर्वाधार विकास सम्बन्धी :**

- नगरपालिका भित्र हाल संचालनमा रहेको बसपार्कलाई व्यवस्थित बनाउन उक्त जग्गाको स्वामित्व वा भोगाधिकार नगरपालिकाको नाममा ल्याउन पहल गर्ने र पूर्वाधार सुधारका लागि नगर विकास कोषलाई श्रोतका लागि अनुरोध गरिनेछ ।

**शिक्षा सम्बन्धी :**

- प्रारम्भिक बालविकास शैक्षिक विकासको महत्वपूर्ण खुड्किलो भएकोले यसको गुणस्तरीय व्यवस्थापनमा जोड दिइने छ ।
- पूर्ण साक्षर नगरपालिका घोषणा भई सकेको सन्दर्भमा यसको दिगोपनाको लागि नियमित अनुगमन गरिने छ ।
- नगर शिक्षा समिती गठन गरि शैक्षिक गुणस्तर अभिवृद्धीका विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।
- निश्चित पद्धति र सुचकका आधारमा नगर भित्रका उत्कृष्ट विद्यालय र शिक्षक, शिक्षीकालाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- शैक्षिक पूर्वाधार विकासमा जिल्ला शिक्षा कार्यालय संग समन्वय गरि आवश्यक सहयोग गरिने छ ।

**स्वास्थ्य तर्फ :-**

- नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधारमा जोड दिईनेछ ।
- यसै नगर क्षेत्र भित्र स्थापना हुने सुदूरपश्चिम मेडिकल कलेजको शिघ्र सञ्चालनका लागि आवश्यक पहल गरिने छ ।
- यसै नगर क्षेत्रको गहनाको रुपमा रहेको गेटा आँखा अस्पतालको सेवा विस्तारको लागि आवश्यक सहयोग गरिने छ ।
- नगरपालिका भित्र निर्माणाधिन मालाखेती अस्पतालको पूर्वाधार निर्माण गरि सुव्यवस्थीत सञ्चालनका लागि पहल गरिनेछ र थप आवश्यक स्थानमा नगरस्वास्थ्य केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- नगरपालिकालाई आगामी १ बर्ष भित्र पुर्ण खोपयुक्त नगर घोषणा गरी त्यसको दिगोपना कायम गर्न सबै सरोकारवाला निकायहरुसंगको समन्वयमा तत् सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ ।
- खोपकेन्द्रहरुको व्यवस्थापन र भौतिक सुधारमा ध्यान दिइने छ ।

- सुनौलो हजार दिन भित्रका गर्भबती महिला तथा स्तनपान गराई रहेका आमाहरुको स्वास्थ्य र पोषणलाई ध्यान दिई विशेष अभियान तथा तालिमहरु संचालन गरिने छ ।
- सबै स्वास्थ्यसंस्थाहरुमा प्रसुती सेवा सहित न्युनतम स्वास्थ्य सुविधा उपलब्ध हुने व्यवस्थाका लागि पहल गरिने छ।
- G.I.Z को सहयोगमा यस नगरपालिकामा स्वास्थ्य सुधार कार्यक्रमलाई प्रभावकारीताका साथ लागू गरिने छ ।

**<u>खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन तर्फ :-</u>**

- नेपाललाई सन् २०१७ को डिसेम्बर सम्म पूर्ण सरसफाईयुक्त र खुला दिशामुक्त देश बनाउने नेपाल सरकारको घोषणा बमोजिम यस नगरपालिकालाई पनि चालु आर्थिक वर्ष भित्र खुला दिशामुक्त क्षेत्र घोषणा गर्न विशेष कार्यक्रम र अभियानहरु संचालन गरिनेछ । तत् पश्चात पनि पुर्ण सरसफाई युक्त बनाउन सम्बन्धित सबै निकायहरुसंग समन्वयात्मक रुपमा पूर्ण सरसफाई कार्यकमहरु निरन्तर सञ्चालन गरिनेछ ।
- विभिन्न सरोकारवाला निकायहरुबाट विद्यालयहरुमा निर्माण गरिने धारा र शौचालयहरु बालमैत्री, अपांगमैत्री र लैंगिकमैत्री बनाउनुपर्ने व्यवस्थालाई कार्यन्वयन गरिनेछ ।
- यस नगरपालिका क्षेत्र भित्रको फोहरमैलालाई व्यवस्थित र बैज्ञानिक हिसावले व्यवस्थापन गर्न चौकीडाँडा स्थित सामुदायिक बन क्षेत्रको जग्गा प्राप्त गरी क्षेत्रिय शहरी विकास आयोजनाको सहयोगमा व्यवस्थित ल्याण्डफिल साईट निर्माणको प्रक्रिया अगाडी बढाइने छ । यसले नगरको पूर्ण सरसफाई अभियानमा टेवा पुऱ्याउने छ ।
- सम्पूर्ण वडाहरुमा टोल विकास संस्थाहरु गठन गरि वडा तहका विकास निमार्ण, सरसफाई, सडकबत्ति एवम् सामाजिक गतिविधिहरुमा सरीक गराई टोलविकास संस्थाहरुलाई उत्तरदायी एवम् लागत सहकार्य गर्न सहयोगी नागरिक समाजको संगठनको रुपमा विकास गरिनेछ ।
- नगरपालिकाका हरेक वडाहरुमा बडघरहरु, टोल विकास संस्था, स्थानीय क्लब र अन्य संघसंस्थाहरुको सहभागितामा "आफ्नो नगर आफै सफा राखौ" भन्ने साप्ताहिक अभियान संचालन गरिनेछ ।
- फोहरमैला ऐनले तोके अनुसार सो ऐन विपरित काम गर्नेलाई दण्डित गर्नुका साथ सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्र र अन्य निकायहरुसँग सहकार्य गरिनेछ ।

**<u>कृषि विकास कार्यक्रम तर्फः-</u>**

- खेतीमा बढ्दो रुपमा प्रयोग हुदै गएको रसायनिक विषादी, मल आदिको प्रयोगलाई निरुत्साहित गरी जैविक र अर्गानिक उत्पादनमा जोड दिन अभियान संचालन गरिनेछ ।
- संविधान प्रदत्त खाद्य सुरक्षा तथा पोषणको अधिकारलाई सुनिश्चित गर्न कृषि तथा पशु विकाससंग सम्बन्धित विभिन्न अभियान चलाइने छ ।
- निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै व्यवसायिक कृषिमा जोड दिन सबै वडामा अगुवा कृषक समुह बनाई कृषि विकास कार्यालय र पशु सेवा कार्यालयसंगको सहकार्यमा व्यवसायिक तरकारी खेति, फलफुल खेति, पशुपालन तालिम संचालन गरिने छ ।

- यस क्षेत्रको प्रमुख आवश्यकताको रुपमा रहेको सित भण्डारण निर्माण तथा सञ्चालनका लागि सम्बन्धीत निकायहरु संग समन्वय गरि आवश्यक पहल गरिने छ ।
- दिगो तथा समावेशी कृषि विकासको माध्यमवाट गरीवी निवारणमा टेवा पुर्‍याउदै नगरक्षेत्र भित्रका कृषि योग्य जमिनहरुमा वढदो जनघनत्व एवं आवाश क्षेत्रहरु  विस्तारित हुदै गईरहेको अवस्थामा भुउपयोग योजना निर्माण गरी कृषि योग्य जमिनलाई संरक्षण गर्ने निति लिईनेछ ।
- नगरपालिकाले कृषि क्षेत्रका लागि छुट्ट्याईएको वजेट जिल्ला कृषि विकास कार्यालय र कृषि सेवा  केन्द्रको समन्वयमा कृषि पकेट क्षेत्रको विकासमा उपयोग गरिनेछ ।
- नगरपालिकाको फलफुल खेती हुने सम्भाव्य स्थानहरुमा नर्सरी व्याड विकास गरी फलफुल खेतिको विकास र प्रवर्द्धन हुने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**पशुविकास तर्फ :-**

- नगरवासिहरुलाई स्वस्थकर मासुका लागि व्यवस्थित पशु वधशाला निर्माणका लागि जिल्ला पशु सेवा कार्यालयसंग समन्वय गरी माशु व्यवसायिहरुसंग सहकार्य गरिनेछ ।
- उन्नत जातका पशुपालन, कृतिम गर्भाधान, पशुजन्य उत्पादनको विकास  र विस्तारका लागि सम्वन्धित निकायसंग समन्वय गरी कार्य गरिनेछ ।
- पशु सेवा विभाग र जिल्ला पशु सेवा कार्यालयसंग समन्वय गरी दुग्ध विकासका कार्यक्रमहरु संचालन गरिने छ ।
- छाडा कुकुर तथा पशु चौपाया नियन्त्रण एवं रेविज विरुद्ध खोप कार्यक्रम जिल्ला पशु कार्यालय, पशु सेवा केन्द्रको समन्वयमा संचालन गरिनेछ ।

**सिंचाई तर्फ  :-**

- कृषि उत्पादनमा टेवा पुऱ्याउनका लागि बाली उत्पादनका सम्भाव्य क्षेत्रहरुमा साना तथा मझौला सिंचाई कार्यक्रमहरु संचालन गर्दा नगर विकास योजनामा समावेश गरिएका योजनाहरुलाई प्राथमिकताका साथ समावेश गरी कार्यक्रम संचालन गरिनेछ ।
- यस क्षेत्रको पुरानो खुटिया सिचाई आयोजना सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्न नेपाल सरकार समक्ष अनुरोध गरिने छ ।

**वन तथा वातावरण तर्फ :-**

- नगरभित्रका प्रमुख सडक तथा रुख नभएका खाली स्थान र नदिका वगरहरुमा  वृक्षारोपण कार्यक्रमलाई अगाडि बढाइने छ । वन संरक्षण र सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रणका लागि सबै निकायसँग समन्वयात्मक पहल गरिनेछ ।
- विपद जोखिम न्युनिकरणका लागि विपद जोखिम व्यवस्थापन योजना तयार गरि प्रकोप उद्वार तथा अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- वस्ती, वडाबाट छनौट भई आएका वन पैदावारको दिगो संरक्षण र सम्बर्द्धन गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिई योजनामा समावेश गरिनेछ ।
- वन स्रोतको संरक्षण र उपयोगबाट यस क्षेत्रमा संकलित स्थानिय स्रोतको स्थानिय विकासमा उपयोग गर्ने नीति लिइनेछ ।

- जलबायु परिवर्तनबाट परेको असरहरुलाई न्यूनीकरण गर्न यस क्षेत्रमा क्रियाशिल संस्थाहरुको सहयोग र समन्वयमा चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- यस क्षेत्रका वनहरुमा पाईने अमुल्य जडिवुटीको संरक्षण एवम विकास गर्ने नीति लिईनेछ ।
- वातावरणमैत्री स्थानीय शासन कार्यविधि बमोजिमका क्रियाकलाप संचालन गरिनेछ ।

**भू-संरक्षण तर्फ :-**

- नगरपालिकाको प्रमुख समस्याको रुपमा रहेको नदीकटान तथा भूक्षयलाई रोक्न प्राथमिकता दिई नगरक्षेत्र पूर्वाधार तथा ठुला पूर्वाधार योजनामा समावेश गरी बहुबर्षिय योजनाको रुपमा कार्यान्वियन गरिने छ ।
- नगरमा अधिकाश खोला नालाहरुवाट भुक्षय,नदि कटान आदिलाई नियन्त्रण गर्न सरोकारवाला निकायहरुसंग समन्वय र छलफल गरी गुरुयोजना निर्माण गरी कार्यान्वयमा ल्याईनेछ ।
- खुल्ला चरिचरण रोक्न स्थानियवासी र सरोकारवाला निकाय बिच छलफल गरी खुल्ला चरीचरण वन्द गर्न प्रयास गरिनेछ ।
- भौगोलिक अवस्थितिलाई ध्यान दिदैं वर्षेनी हुने बाढी, पहिरो, जस्ता प्रकोप नियन्त्रण व्यवस्थापनका लागि तटबन्ध निर्माण, नदी नियन्त्रण, वृक्षारोपण तथा Bio-Engineering सम्बन्धी अन्य कार्यक्रमहरु विभिन्न सरकारी एवं गैर सरकारी संघ संस्थाहरुसँगको समन्वय र साझेदारीमा अगाडी बढाईनेछ ।

**पर्यटन तर्फ :-**

- नगरपालिका क्षेत्र भित्रका प्राकृतिक,सास्कृतिक, ऐतिहासिक, पर्यटकिय सम्पदाको संरक्षण ,सम्वर्द्धन, विस्तार र सदुपयोग गर्न नगरपालिका क्षेत्र भित्रका पर्यटकीय महत्वका क्षेत्रको पहिचान गरी अभिलेख राखिने छ । त्यस्ता पर्यटकीय क्षेत्रको विकासका लागि सरोकारवाला सबैसँग समन्वय गरि कार्यान्वय गरिनेछ ।
- पर्यटन मन्त्रालयसँग समन्वय गरी नगरका सम्भावित क्षेत्रहरुमा **Home stay** कार्यक्रम संचालनमा ल्याइने छ ।
- यस क्षेत्रको पर्यटकिय तथा धार्मिक सम्भावना बोकेको गोदावरी क्षेत्रको प्रचार प्रसार एवम विकासमा आवश्यक सहयोग गरिने छ ।
- पूर्व पश्चिम राजमार्गको बीचमा अत्तरिया नगरको चोकमा रहेको पार्कलाई व्यवस्थित गरी आकर्षक पार्कको रुपमा विकास गरिने छ ।
- यस अत्तरिया बजार क्षेत्रनजिकै रहेको लामीताल को संरक्षण र विकासका कार्यक्रम प्राथमिकताका साथ संचालन गरिने छ ।

**महिला, वालबालिका, दलित, आदिवासी, जनजाति, भिन्न क्षमता भएका व्यक्ति उत्थान र विकास तर्फः**

- राज्यका गहनाको रुपमा रहेका जेष्ठ नागरिकहरुको मनोवल उच्च राख्न जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

- महिला, आदिवासी / जनजाति, अपागं, दलितहरुको वर्तमान स्थितिमा सुधार ल्याउन वस्ती, वडाबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ नगरपालिकाको लक्षित कार्यक्रमको वजेट, विषयगत कार्यालयहरुको कार्यक्रममा समावेस गरि कार्यान्वयन गरिने नीति लिईनेछ ।
- वालबालिकाहरुको योजना छनौट गर्दा बालभेलाहरुबाट प्राथमिकता तोकी आएका योजनाहरुलाई प्राथमिकताका साथ नगरपालिकाको योजनाहरुमा समावेश गरी कार्यान्वयन गरीने नीति लिईनेछ । साथै बालमैत्री स्थानीय शासनलाई नगरपालिकाका सबै बडामा कार्यान्वयनमा ल्याइनेछ ।
- दलित एवं सिमान्तकृतवर्गको विकासका लागि शिक्षा, स्वास्थ्य लगायत प्रत्यक्ष फाईदा हुने गरी वजेट विनियोजन गरी कार्यक्रम संचालनको व्यवस्था मिलाईनेछ ।
- आर्थिक तथा सामाजिक रुपले पछाडि परेका विपन्न वर्ग, असहाय, भिन्न क्षमता भएका व्यक्तिहरु दलित, आदिवासी/जनजाति, महिला एवम् पिछडीएका वस्तीहरुमा नागरिक केन्द्रीत स्पष्ट र छुटाछुटै सशक्तीकरण एवं उद्योग विकासका योजनाहरु बनाइ कार्यान्वयन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा बालश्रम निषेधका लागि सरोकार निकायहरुसँग समन्वयात्मक कार्यक्रम संचालन गरिनेछ ।
- न.पा. द्वारा गठित नागरिक सचेतना केन्द्रहरुको क्षमता विकास गर्दै नागरिक सचेतना केन्द्रमा संलग्न सदस्यहरुलाई आय आर्जन गतिविधिमा विशेष सक्रिय गराइने छ ।
- आदिबासी जनजाती, राना थारु, डगौरा थारु लगायत अन्य जातीहरुका भेष भुषा रहन सहन तथा संस्कृति संरक्षण गर्ने नीति लिईने छ ।

**सामाजिक सुरक्षातर्फः-**

- बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिदै आएकोमा यसलाई थप व्यवस्थित गरिनेछ ।
- असहाय, बृद्धबृद्धा नागरिकहरुको संरक्षणको लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थालाई जेष्ठ नागरिक विश्राम गृह, अनाथालय बनाई संचालन गर्ने कार्यक्रम वनाउन अभिप्रेरित गरिनेछ ।
- समयमै व्यक्तिगत घटना दर्ता गर्ने, गराउने कार्यलाई प्रोत्साहन गर्न गाउँ गाउँमा अभियान चलाउने नीति लिईनेछ ।

**घरेलु उद्योग विकास तर्फः-**

- विभिन्न विषयको सिप विकास गरी स्वरोजगारको श्रृजनाबाट गरिवी न्यूनिकरण गर्ने खालका घरेलु उद्योग सम्बन्धि कार्यक्रम घरेलु तथा साना उद्योग कार्यालय संगको समन्वयमा कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका स्वरोजगारमुलक रुपमा रहेका घरेलु उद्योगलाई प्रोत्साहान दिन घरेलु तालिम एवं सिप विकास सम्वन्धी कार्यकमहरु सम्वन्धित सरोकारवालाहरुको सहयोग र समन्वयमा संचालन गर्ने व्यवस्था मिलाएको छु ।
- परम्परागत सिपलाई जगेर्ना गर्दै आधुनिक प्रविधिसंग जोड्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- घरेलु उद्योगको प्रवर्धनका लागि उद्यमी विकास कार्यक्रम, प्रविधी हस्तान्तरण कार्यक्रम, उद्योग प्रवर्धन कार्यक्रम, सीप अभिवृद्धि कार्यक्रम आदि जस्ता कार्यक्रमहरु संचालन गर्न नीतिगत व्यवस्था मिलाईने छ ।
- कृषि उत्पादनका प्रसोधन उद्योगहरुलाई बढावा दिने नीति लिईने छ ।

**सडकतर्फ :-**

- नगरक्षेत्र पूर्वाधार विकास कार्यविधि तथा ठुला पूर्वाधार विकास मापदण्ड बमोजिम शहरी सडकहरुको विस्तार स्तरीकरण गर्न प्राथमिकता दिइने छ ।
- अव्यस्थित रुपमा रहेका खोका छाप्रा एवम् प्रचार सामाग्री लाई व्यवस्थीत गरि सहरको सौन्दर्य बढाउने नीति अबलम्वन गरिनेछ ।
- सडक पेटीमा व्यापार गर्ने कार्य लाई निरुत्साहित गरिनेछ ।
- नगरक्षेत्र भित्रका प्रत्येक सडकहरुको सडक अधिकार क्षेत्र तोकी सो क्षेत्र खुल्ला राख्ने नीति लिईने छ ।
- नगरक्षेत्र भित्र न्यूनतम चौडाई भन्दा कम चौडाई भएका सडकको चौडाई विस्तार गरि कम्ती मा २० फिटको सडक रहने नीति लिईएको छ ।
- सडक छेउछाउमा वृक्षारोपण गरि वातावरण संरक्षण एवम हरित नगरी निर्माणको थालनी गरिनेछ ।

**गै.स.स.तर्फः-**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले नगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्दा नगरपालिकाको आवश्यकता र प्राथिमकताको आधारमा मात्र कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिका भित्र सुचिकृत भएका गैर सरकारी संस्थासंगको सहकार्यमा विभिन्न चेतनामुलक कार्यक्रम, अभियानहरु संचालन गर्न प्राथमिकता दिइनेछ ।

**स्रोत परिचालन :-**

- नगरबासीहरुमा करको बोझ थप्नु भन्दा सेवा सुविधामा सुधारल्याई कर तिर्न प्रोत्साहन गर्ने नीति अनुसार तेश्रो नगरपरिषद्‌बाट पारित भएकै दरलाई निरन्तरता दिइएकोछ ।
- अत्तरिया नगरक्षेत्र भित्रको करीव ३५ प्रतिशत जग्गा र त्यसमा बनेका संरचनाहरु ऐलानी जग्गामा बनेको कारण नगरपालिकाले करको ठुलो श्रोत एकीकृत सम्पती कर गुमाउदै आएको छ । त्यसलाई करको दायरामा ल्याई आन्तरिक श्रोत बढाउने तर्फ सम्बन्धित निकायमा पहल गरिनेछ ।
- नगरपालिका भित्र क्षेत्र रहेर पनि करको दायरामा नआएका आएर पनि नियमितरुपमा नविकरण नगरेका करदाताहरुलाई विधी र करको दायरा भित्र ल्याउन करदाता सचेतना र करदाता शिक्षा सम्वन्धी कार्यक्रम संचालन गरिनेछ । नगर अनुगमन टोलि गठन गरी करदाताहरुको करको विवरण रुजु गर्ने कार्यक्रम संचालन गर्दै ति कार्यक्रमहरुलाई नगरपालिकावाट प्रवाह गरिने सेवा संग आवद्व गर्दै लगिनेछ ।
- एकीकृत सम्पत्ति कर प्रणालीलाई थप व्यवस्थित गरि करमैत्री वातावरण निर्माण गरिने छ ।
- करको दर भन्दा दायरा बढाई नगरपालिकाको आन्तरिक श्रोतमा क्रमिक रुपमा सुधार गरि भविष्यमा आर्थिक रुपले सम्पन्न र आत्मनिर्भर नगरपालिकाका रुपमा स्थापित गर्ने तर्फ आवश्यक कार्यक्रम वनाई लागु गरिने छ ।
- राजस्व असुली कार्यलाई वस्तुपरक र प्रभावकारी बनाउन उद्योग वाणिज्य संघ समेतको सहभागितामा करदाता र करयोग्य वस्तुको आवश्यक तथ्यांकलाई अध्यावधिक गरिनेछ ।
- सबभन्दा धेरै तथा नियमित रुपमा समयमै कर तिर्ने उत्कृष्ट करदाताहरुलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिकालाई नियमानुसार तिर्नुपर्ने कर, दस्तुर तिरेका व्यवसायीहरुबाट मात्र नगरपालिकाले आफूलाई आवश्यक पर्ने वस्तु तथा सेवा खरिद गर्ने नीति अवलम्बन गर्नेछ ।

- स्थानिय स्रोत साधन एवम सिपको उपयोग गरि अधिकतम उपलब्धी हासिल गर्ने नीति लिईने छ ।

**विविधः-**

- लागुऔषध, जुवातास नियन्त्रणका साथै शहरी सुरक्षालाई विशेष प्राथमिकता राखी सुरक्षा निकाय सँगको समन्वयमा आवश्यक प्रबन्ध मिलाइनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेको सार्वजनिक,ऐलानी जग्गाहरुको लगत संकलन गरी संरक्षण गर्नका लागि चालु आर्थिक वर्षमानै कार्यदल गठन गरि लगत संकलन गर्ने कार्यको प्रारम्भ गरिने छ । उक्त जग्गाहरुलाई नगरपालिकाको स्वामित्वमा ल्याउन विशेष पहल गरिनेछ ।

मैले आगामी आर्थिक वर्षको नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रमहरुको बारेमा संक्षेपमा समिक्षात्मक विवरण प्रस्तुत गरे । यस सम्वन्धि विस्तृत नीति तथा कार्यक्रम र वजेटको विवरण वार्षिक नगर विकास योजना पुस्तिकामा प्रकाशित गरिने व्यहोरा अनुरोध गर्दछु । वडा तथा वस्तिस्तरिय भेलामा अधिकांस नगरवासिहरुको सहभागितामा छनौट र प्राथमिकरण भएका योजनाहरु प्राथमिकतामा पर्दापर्दै पनि नगरको सिमित श्रोत तथा केन्द्रवाट प्राप्त न्युन वजेट सिलिङ्गका कारणले समावेश गर्न नसकिएको व्यहोरा विन्रमतापुर्वक अनुरोध गर्दछु । यसरी श्रोतको सिमितताका कारण समावेश हुन नसकेका ठुला पूर्वाधार योजना, तटबन्ध, खानेपानी, शिक्षासंग सम्बन्धित योजना, कृषि तथा सिंचाई सम्बन्धी योजनाहरु इलाका हुदै जिल्ला परिषद् र सम्बन्धित मन्त्रालयहरुमा श्रोतका लागि शिफारिश गरिनेछ । कुनै पनि योजनाको सफलता सोको सफल कार्यन्वयमा भर पर्ने भएकोले यसका लागि सवै राजनैतिक दल,नागरिक समाज, सरकारी एवं गैर सरकारी संस्थाहरु ,कर्मचारी वर्ग  एवं आम नगरवासिहरुको सयुक्त प्रयाश आवश्यक छ । यस परिषदमा प्रस्तुत नगर विकास योजनाको सफल कार्यन्वयनका लागि सदा झै सम्वद्व सवै पक्षवाट सकारात्मक एवं रचानात्मक सहयोगको अपेक्षा गर्दछु ।

आदरणीय प्रमुख अतिथी, विशिष्ट अतिथी, अतिथी लगायत सम्पूर्ण उपस्थिती महानुभावहरु,

अब म गत आर्थिक वर्षको आय व्ययको समिक्षा, चालु आर्थिक वर्षको मंसिर मसान्त सम्मको यथार्थ आय र खर्च र आगामी आर्थिक वर्ष २०७४/०७५ को प्रस्तावित आय र व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु । आर्थिक वर्ष २०७२।०७३ मा नगरपालिकाको आन्तरिक कर, दस्तरु, नगरपालिका अनुदान, सामाजिक सुरक्षा अनुदान लगायत गरि जम्मा रु. १० करोड ३४ लाख ४१ हजार १ सय ५१ आम्दानी भई नगरपालिका कर्मचारीहरुको तलव भत्ता, विभिन्न योजनाहरु र सामाजिक सुरक्षा भत्ता वितरण लगायतका कार्यमा उपरोक्त बजेट खर्च भएको छ ।

चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म आन्तरिक कर दस्तुर, नगरपालिका अनुदान, स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम समेत गरि जम्मा रु. ६ करोड ८ लाख ३२ हजार २७ रुपैया आम्दानी भएको छ ।

अव म आगामी आर्थिक वर्षको लागि प्रस्तावित वजेटका विषयमा उल्लेख गर्न चाहन्छु । आगामी आ.व. २०७४।०७५ का लागि कुल वजेट रु. ३० करोड ७९ लाख ०९ हजार ५ सय प्रस्ताव गरेको छु । जस मध्ये चालु खर्च रु.२ करोड ७२ लाख १७ हजार, पुजिगत तर्फ रु.६ करोड ४३ हजार र सामाजिक सुरक्षा तर्फ रु. १२ करोड ५० हजार विनियोजन गरेको छु । यसरी कुल वजेटबाट चालु र सामाजिक सुरक्षा भत्ताको रकम घटाई बाँकी रहेको रकम रु. १६ करोड २२ लाख ४२ हजार ५ सयलाई देहाय बमोजिम विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाएको छु । जस अनुसार  बालबालिका लक्षित कार्यक्रमका लागि रु. ३४ लाख ८६ हजार १ सय ८०,  महिला लक्षित कार्यक्रमका लागि रु. ३४ लाख ८६ हजार १ सय ८०,  विपन्न वर्ग, आदिवासी, जनजाति, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, मधेसी, मुस्लिम लगायतका लक्षित कार्यक्रममा रु. ४६ लाख ४८ हजार २ सय

४० र प्रर्वधनात्मक कार्यकम तर्फ रु. ८१ लाख ६६ हजार ६ सय ४८ छुट्याएको छु । यसैगरी आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी) तर्फ रु. २२ लाख ५३ हजार ७२० विनियोजन गरेको छु । यसरी माथि उल्लिखित खर्च घटाई बाँकी रहेको रकमबाट रु. ५ करोड ६९ लाख २ हजार ३२ आर्थिक सामाजिक भौतिक पुर्वाधार विकास तर्फ, क्षेत्रीय शहरी विकास तर्फ  रु. ६ करोड ६७ लाख १७ हजार, सडक बोर्ड तर्फ ३५ लाख, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु. २८ लाख ५१ ह्जार ५ सय छुट्याएको छु ।  आर्थिक सामाजिक भौतिक पूर्वाधारका लागि छुट्याइएको रकमबाट ठुला पूर्वाधार अन्तर्गत सडक कालेपत्रे, ढल निकास, नदी नियन्त्रण, पुल लगायतका कार्यका लागि रु. ३ करोड ९० लाख उनानब्बे हजार ६० र नगरपालिका भित्रको विभिन्न सडकहरु ग्राभेल, कल्भर्ट, साना तटबन्ध, शिक्षा, स्वास्थ्य, कृषि, सिंचाई, धर्म संस्कृति, युवा खेलकुद, ह्युमपाईप खरिद र विविध गरी रु. १ करोड ६६ लाख १२ हजार ९ सय ७२ रुपैया । आम्दानीका स्रोतहरुको अनुमान  विस्तृत विवरण सहित **अनुसूची १** मा , प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरु **अनुसूची २ मा** र करका दरहरु **अनुसूचि ३** मा र बडा भेला तथा बडा नागरिक मञ्चबाट शिफारिश भएका तर यस पटक स्वीकृत हुन नसकेका योजना **अनुसुची ४** मा पछि प्रकासन गरिने नगर विकास योजनामा समावेश गरिने व्यहोरा अनुरोध गर्दछु ।

अन्तमा यस नगरपालिकाको वजेट तथा कार्यक्रम निर्माण गर्नमा सहयोग पुऱ्याउनु हुने राजनैतिक दलका पदाधिकारी ज्यूहरु , एकिकृत योजना तर्जुमा समितिका पदाधिकारीज्यूहरु, कर्मचारी मित्रहरु र सवै सरकारी, गैर सरकारी एवं दातृ निकाय, संघसंस्था एवं अन्य सरोकारवाला बुद्धिजिवी समाजसेवी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । अवका दिनहरुमा पनि यसै गरी सहयोगको अपेक्षा गर्दछु । हाम्रो नगरको विकासको  पाईलामा पाईला मिलाई संगसंगैं हिडि दिनु हुने सवै  राजनीतिक दल,विषयगत कार्यालय, संघसंस्थाहरु, नागरिक समाज, कर्मचारी मित्रहरु, उद्योग वाणिज्य संघ लगायत सवै नगरवासीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । हाम्रो निमन्त्रणालाई स्वीकार गरी व्यस्त  समयको वावजुद उपस्थित भई दिनु भएकोमा प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिज्युहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्युहरु, विभिन्न संघ संस्थाका प्रतिनिधीहरु, बालक्वलवका प्रतिनिधी एवं नागरिक समाजका अगुवाहरु लगायत सम्पुर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु  । प्रस्तुत वजेट निति तथा कार्यकमहरुको सफल र प्रभावकारी कार्यान्वयनका लागि सदा झैं निरन्तर सल्लाह,सहयोग, सुझाव तथा मार्ग दर्शन प्राप्त हुने अपेक्षाका राखेको छु । धन्यवाद । नमस्कार । जय अत्तरिया नगरपालिका ।

.................................

**मोहनप्रसाद मरासिनी**
**प्रमुख तथा कार्यकारी अधिकृत**

अत्तरिया नगरपालिका कार्यालय

आर्थिक वर्ष २०७४/०७५ को आय अनुमान

| सि.नं. | आय शिर्षक | अनुमानित आय रु. |
|---|---|---|
| **१.** | **न.पा. आन्तरिक श्रोत** | **३६०२६०००** |
| **२.** | **केन्द्रीय अनुदान निशर्त** | **३९३३६०००** |
| २.१ | चालू अनुदान | ४५१०००० |
| २.२ | निशर्त पुजीगत अनुदान | ३४८२६००० |
| **३.** | **केन्द्रीय पुजीगत अनूदान सशर्त** | **४०२९८०००** |
| ३.१ | ठूला पुर्वाधार | २०००००० |
| ३.२ | नगरक्षेत्र पुर्वाधार | २०२९८००० |
| **४.** | **अन्य कार्यक्रम** | **७३७९९५००** |
| ४.१ | स्था.स्वा.सा.वि.का. | ३५८२५०० |
| ४.२ | सडक बोर्ड | ३५००००० |
| ४.३ | शहरी विकास कार्यक्रम | ६६७१७००० |
| **५.** | **सामाजिक सूरक्षा भत्ता** | **१२००५००००** |
|  | **कूल जम्मा** | **३०७९०९५००** |

# आयको शिर्षकगत विवरण

| ०७२/७३ को अनुमानित आम्दानी | ०७२/०७३ को यर्थात आम्दानी | आय शिर्षकहरु | ०७३/७४ को अनुमानित आय | ०७३ मंसिर सम्मको यर्थात आय | ०७४ आषाढ सम्मको प्रस्तावित आय | ०७४/७५ को अनुमानित आय |
|---|---|---|---|---|---|---|
| 4550000 | 4100000 | शर्सत चालु केन्द्रिय | 4550000 | 4100000 | 450000 | 4510000 |
| 32600000 | 31545668 | निर्शत पुजिगत अनुदान केन्द्रिय | 49842000 | 19836800 | 30005200 | 54826000 |
| 0 | 0 | शर्सत पुजिगत अनुदान केन्द्रिय | 6000000 | 2500000 | 3500000 | 0 |
| 37150000 | 35645668 | जम्मा | 60392000 | 26436800 | 33955200 | 59336000 |
| | | (ख) आन्तरिक आय | | | | |
| 0 | 15060 | बहालकर | 20000 | 3000 | 17000 | 27000 |
| 750000 | 1054400 | व्यवसायकर | 1160000 | 731135 | 428865 | 1500000 |
| 355000 | 417000 | विज्ञापन कर | 460000 | 193600 | 266400 | 575000 |
| 5000 | 76600 | पञ्जीकरण दस्तुर | 100000 | 57050 | 42950 | 150000 |
| 485000 | 50027 | चलअचल सम्पत्ती मूल्यांकन | 100000 | 34050 | 65950 | 200000 |
| 0 | 40140 | अन्य सेवा शुल्क | 50000 | 5720 | 44280 | 100000 |
| 1585000 | 2070147 | नक्सा पास दस्तुर | 2500000 | 318373 | 2181627 | 3500000 |
| 1420000 | 1342955 | सिफारिस दस्तुर | 1450000 | 491480 | 958520 | 1650000 |
| 550000 | 79930 | नाता प्रमाणित | 100000 | 44550 | 55450 | 125000 |
| 0 | 39060 | निवेदन दस्तुर | 55000 | 16960 | 38040 | 100000 |
| 150000 | 116420 | नागरिकता सिफारिस | 155000 | 52410 | 102590 | 175000 |
| 0 | 61610 | दण्ड जरिवाना | 50000 | 0 | 50000 | 50000 |
| 0 | 165000 | धरौटी जफत | 150000 | 0 | 150000 | 0 |
| 0 | 867030 | घरबाटो प्रमाणित | 1000000 | 459920 | 540080 | 1150000 |
| 0 | 213370 | नक्सा किताब | 350000 | 65810 | 284190 | 400000 |
| 0 | 570030 | भाडा तथा बहालबाट | 750000 | 117615 | 632385 | 750000 |
| 0 | 400 | पटके सवारी | 2000 | 0 | 2000 | 5000 |
| 2008868 | 8901710 | एकिकृत सम्पत्तिकर | 10500000 | 4159571 | 6340429 | 11500000 |
| 875250 | 418640 | विविध | 750000 | 5850 | 744150 | 750000 |
| 8184118 | 16499529 | | 19702000 | 6757094 | 12944906 | 22707000 |
| | | (ग)राजश्व तर्फ | | | | |
| 1500000 | 1400000 | जि.वि.स.बाट | 2000000 | 0 | 2000000 | 2000000 |
| 5500000 | 7082065 | मालपोट रजिष्टेशन | 9500000 | 0 | 9500000 | 10450000 |
| 7000000 | 8482065 | | 11500000 | 0 | 11500000 | 12450000 |
| | | (घ) अन्य कार्यक्रम | | | | |
| 2500000 | 2054000 | स्था.स्वा.सा.वि.का. LGCDP | 2151000 | 371333 | 1779667 | 2851500 |
| 4500000 | 1700000 | सडक बोर्डै | 4500000 | 0 | 4500000 | 3500000 |
| 8250000 | 1530389 | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | 18525000 | 0 | 18525000 | 20298000 |
| 0 | 0 | शहरी विकास कार्यक्रम | 1000000 | 0 | 1000000 | 66717000 |
| 37529500 | 37529500 | सामाजिक सुरक्षा भत्ता | 98584600 | 27266800 | 71317800 | 120050000 |
| 52779500 | 42813889 | जम्मा | 124760600 | 27638133 | 97122467 | 213416500 |

## अत्तरिया नगरपालिका कार्यालय

## आर्थिक वर्ष २०७४/०७५ को व्यय अनुमान

| सि.नं. | व्यय शिर्षक | अनुमानित रु. |
|---|---|---|
| **१** | **आन्तरिक श्रोत तर्फ** | **३६०२६०००** |
| १.१ | चालू खर्च | २२७०७००० |
| १.२ | समपूरक कोष | ३५००००० |
| १.३ | विभिन्न कोषमा योगदान | १०००००० |
| १.४ | लक्षित वर्ग | २९१४१०० |
| क | बालबालिका | ८७४२३० |
| ख | महिला | ८७४२३० |
| ग | विपन्न दलित, आदिबासी, जनजाती, अपागं, ज्येष्ठनागरिक, मधेसी, मूस्लीम पिछडावर्ग | ११६५६४० |
| १.५ | प्रर्वद्धनात्मक कार्यक्रम | २१३६७६० |
| **१.६** | पुर्वाधार विकास कार्यक्रम | ३७६८१४० |
| क. | आर्थिक,सामाजिक एवं भौतिक पुर्वाधार विकास कार्यक्रम | २७६८१४० |
| ख. | स्थानीय आवश्यकताका आधारमा पछि बाडफांड गरिने कार्यक्रम | १०००००० |
| **२.** | **केन्द्रीय अनूदान निशर्त** | **३९३३६०००** |
| **२.१** | **चालू अनूदान** | **४५१००००** |
| **२.२** | **निशर्त पूजीगत अनूदान** | **३४८२६०००** |
| २.३ | कन्टेन्जेन्सी | १०४४७८० |
| २.४ | समपूरक कोष | ५०००००० |
| २.५ | लक्षित वर्ग | ८७०६५०० |
| क | बालबालिका | २६११९५० |
| ख | महिला | २६११९५० |
| ग | विपन्न दलित, आदिबासी, जनजाती, अपागं, ज्येष्ठनागरिक, मधेसी, मूस्लीम पिछडावर्ग | ३४८२६०० |
| २.६ | प्रर्वद्धनात्मक कार्यक्रम | ६०२९८८८ |
| २.७ | आर्थिक,सामाजिक एवं भौतिक पुर्वाधार विकास कार्यक्रम | १४०४४८३२ |
| **३.** | **केन्द्रीय पुजीगत अनूदान सशर्त** | **४६७९८०००** |
| **३.१** | **ठूला पुर्वाधार** | **२००००००००** |
| क | कन्टेन्जेन्सी | ६००००० |
| ख | आर्थिक,सामाजिक एवं भौतिक पुर्वाधार विकास कार्यक्रम | १९४००००० |
| **३.२** | **नगरक्षेत्र पुर्वाधार** | **२०२९८०००** |
| क | कन्टेन्जेन्सी | ६०८९४० |
| ख | आर्थिक,सामाजिक एवं भौतिक पुर्वाधार विकास कार्यक्रम | १९६८९०६० |
| **४.** | **अन्य कार्यक्रम** | **७३७९९५००** |
| ४.१ | स्था.स्वा.सा.वि.का. | ३५८२५०० |
| ४.२ | सडक बोर्ड | ३५००००० |
| ४.३ | शहरी विकास कार्यक्रम | ६६७१७००० |
| | **जम्मा** | **७३७९९५००** |
| **५.** | **सामाजिक सूरक्षा भत्ता** | **१२००५००००** |
| | **कूल जम्मा** | **३०७९०९५००** |

## खर्चको शिर्षकगत विवरण/ केन्द्रिय अनुदान खर्च तर्फ

| ०७२/७३ गत बर्षको अनुमानित खर्च | ०७२/०७३ को वास्तविक खर्च | खर्च शिर्षक | | ०७३/७४ को अनुमानित खर्च | ०७३ मंसिर सम्मको यर्थात खर्च | ०७४ आषाढ सम्मको प्रस्तावित | ०७४/७५ को अनुमानित खर्च |
|---|---|---|---|---|---|---|---|
| २५९२९४१ | २५९२९४१ | २११११ | तलब | २४००००० | ० | २४००००० | २६५०००० |
| ८६००० | ८६०० | २१११३ | महङ्गी भत्ता | ७४५०० | ० | ७४५०० | १०५००० |
| १०५२५३ | १०५२५३ | २१११९ | अन्य भत्ता बैठक | ० | ० | ० | ० |
| १५७५०० | १५७५०० | २११२१ | पोषाक | ६०००० | ० | ६०००० | ६०००० |
| ५७५६९ | ५७५६९ | | खा.पा.विद्युत महशुल | ३५५०० | ० | ३५५०० | ६०००० |
| ४५३४५ | ४५३४५ | | टेलीफोन महसुल | ३५००० | ० | ३५००० | ५५००० |
| २३९५०० | २३९५०० | | घरभाडा | ३००००० | ० | ३००००० | ३००००० |
| १५०००० | १५०००० | | इन्धन | १७५००० | ० | १७५००० | २००००० |
| ८५८२५ | ८५८२५ | | मर्मत सम्भार | ७५००० | ० | ७५००० | १२५००० |
| ८०००० | ० | | विमा | १२५००० | ० | १२५००० | १२५००० |
| ४१५६३५ | ४१५६३५ | | कार्यालय संचालन | ३२५००० | ० | ३२५००० | ३२५००० |
| १५००० | १५००० | | सेवा परार्मस | ९५००० | ० | ९५००० | १००००० |
| ० | ० | | भ्रमण खर्च | ३००००० | ० | ३००००० | ३००००० |
| १४९४३२ | १४९४३२ | | विविध | १००००० | ० | १००००० | १०५००० |
| ४१८०००० | ४०२२६०० | | जम्मा | ४१००००० | ० | ४१००००० | ४५१०००० |

## पुजिगत अनुदान केन्द्रिय

१५. हजाम पसल साना ................................................. रु.८००।–
१६. ब्यूटी पार्लरमा ............................................................ रु.९००।–
१७. मसाज र पार्लर पसल................................................ रु.१०००।–
१८. मेरिज ब्युरो ( बिबाह गराउने संस्था )....................................... रु.१०००।–
२२.शित भण्डार व्यवसाय संचालन रु.५०००।
२३.सिलाई पसल
क) दुई सिलाई मेसिन सम्मको पसल ............................. रु.१०००।-
ख) दुई सिलाई मेसिन देखि ५ सिलाई मेसिन सम्मको पशल............ रु.१३००।
ग) ५ सिलाई मेसिन देखि माथि सम्मको पशल.................................रु.१५००।
२४. निजी टेलीफोन व्यबसाय .................................................. .रु.१५००।
२५.जिम सेन्टर व्यवसाय ........................ रु.१०००।-
२६.कपडा धुने पसल साधारण ...........................................................रु.५००।–
२७.ड्राईक्लिन मेसिन सहित भएको कपडा धुने पसल................................. रु.१०००।–
२८.सुनचादी बिक्री तथा गर गहना बनाउने पसल ............................ रु.३५००।–
२९.सुनचादी गहना मात्र बनाउने पसल ........................................ रु.२०००।–
३०.कलर ल्याब सहितको फोटो स्टुडियो ..................................... रु.१५००।–
३१.सबै किसिमको श्रृगार पसल...................................................... रु २०००।–
३२.चुरा पोतेको मात्र श्रृगार पसल .................................................. रु.१५००।–
३३.साईन बोर्ड बनाउने पेन्टीङ सेवा ................................................ रु.१२००।–
३४.फोटोकपी पशल........................................................ रु.१५००।–
३५. ग्रिसिङ्ग व्यबसाय .................................................................... रु.१०००।-
३६. घर जग्गा खरिद बिक्री व्यवसाय ............................................. रु.३५०० ।-
३७.अनलाइन सेवा व्यवसाय ......................................................... रु.१५००। -
३८. गेम क्लव व्यवसय...................................... रु १०००।-

## १८. शिक्षा सेवा

**(क) निम्नानुसारका व्यवसायमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने (संस्थागत) बाहेक ।**

१. निजि क्षेत्रका स्कुल क्याम्पस रु .१०००।
२. व्यवसायीको सीप विकास समवन्धी प्राबिधिक शिक्षालय ..... रु.३,०००।–
३. कम्प्यूटर इन्सिच्यूट ................. रु.२०००
४. ट्युशन,कोचिंग सेवा...... रु.२५००।–
५. भाषा प्रशिक्षण ................. रु.२,०००।–
६. शैक्षिक परामसं सेवा .......................................... रु २५००।–

**ख) निम्नानुसारका निजि शैक्षिक सस्थाहरु खोल्न निम्नानुसारको सिफारिस दस्तुर लिने ।**

**१.** प्रा. वि.सम्म .................... रु. १,५००।-
२. नि. मा. वि. सम्म......................... रु. २,०००।–
३. मा.वि सम्म................................. रु. २,५००।–
४. उच्च मा. वि. सम्म....................... रु. ३,०००।–
५. उच्च मा. वि. देखि माथि ....................... रु. ४,०००।–

## १९. बित्तिय सेवा

१. नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोबार गर्ने बैक .... रु.१५०००।–
२. आर्थिक कारोवार समेत गन वैक वाहेका वित्तिय कम्पनिहरु रु.३०००।-
३ .बिमा कम्पनी रु.८०००।–
४. बिदेशी मुद्रा सटही काउन्टर रु.२५००।
५. सहकारी वैंक रु. २,०००।–
६. रेमिटेन्स सेवा रु.२०००।-

## २०. संचार सेवा ( वार्षिक )

१. इमेल / इन्टरनेट व्यवसाय .... रु. १५००।–
२. कुरियर सेवा ..... रु. १२००।–
३. एस.टि.डि./ आई.एस.टि.डि / फ्याक्स सम्वन्धी निजि व्यवसाय रु. १०००।–
४. एफ.एम. रडियो ....................................... रु.१५००।-
५. केवुल नेटवर्क सेवा संचालन सेवामा.................................... .रु.८०००।

## २१. अत्तरिया नगरपालिकामा प्रधान कार्यालय भएका निर्माण व्यवसाय ( वार्षिक )

१. (क) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसायि ............... रु.३०००।–
२. (ख) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसाय ............ रु.२५००।–
३. (ग) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसायि ............ रु.२०००।–
४.(घ) श्रेणीका रजिष्टर्ड व्यवसायि ............ रु.१५००।

## २२. अन्य व्यवसाय : निम्नानुसारका व्यवसायमा वार्षिक व्यवसायकर निम्नानुसार लिने ।

१. गोलिया काठ खरिद बिक्री रु.५०००।–
२. ईटा ढुंगा बालुवा गिट्टी जम्मा गरी बिक्री गर्ने रु.७०००।–
३. रिचार्ज कार्डको थोक पसल रु. २०००।–
४. बैण्ड बाजा व्यवसाय रु.१५००।–
५ लाइसेन्स प्रप्त स्थाइ चलचित्र हल रु.२०००।–
६. थोत्रा बोरा, रस्सीका टुक्रा, पुराना प्लाष्टिक चप्पल कवाड पसल रु.२५००।–
७ मिनरल वाटर प्लान्ट रु.१०००।-
८. पम्पसेट डिलर रु.१२००।–
९ डेरी फार्म( प्रशोधन वाहेक ) रु.१५००।
१०. कोकाकोला, पेप्सी, फन्टा चिसो पेय पदार्थको ऐजेन्सी रु.१०००।–
११ केसर मिल रु.३,०००।–
१२. केसर मिल डिपो रु.१५००।-
१३. कपडाको थोक व्यवसाय रु. १०००।–
१४. पूल हाउस रु. १५००।

१५ . पशु खरिद विकि व्यवसाय रु.२०००।-
१६. टेन्ट हाउस सेवा रु. २५००।
१७ डेरी उद्योग( प्रशोधन सहित ) रु. २०००।
१८ अनुमती प्रप्त जनावरका हाड सिंगको व्यवसाय रु.१५००।–
१९. अल्ट्रा एसिड डिष्टील्ड वाटर उत्पादन रु. १२००।–

## २३. मनोरञ्जन कर

१. अस्थायी लाइसेन्स लिई भिडियो प्रदसन व्यावसाय संचालन( प्रति दिन) रु.२२५।–
२ पटके थियटर, नौटंकी, सर्कस, (प्रत्येक पटक) रु.३००।–
३. चटक देखाउने, औषधी बेच्ने (दैनिक) रु.५०।-
४. अन्य खेल देखाउने (दैनिक) रु.२५।–
५. चलत्रित्र व्यवसाय ( वार्षिक ) रु.५००।-

## २४. बार्षिक विज्ञापन कर

१.व्यवसायिक दृष्टिकोणले प्रसार गर्ने, साइनबोर्ड राख्ने, पोष्टर टांस्ने, फिल्मी पोष्टर राख्ने (प्रति वर्ग फूट) ........................................................................................ रु.७०।-
२.काठ, टिन, दिवालमा (प्रति वर्गफूट) ............................................ रु.३०।-
३. संघ संस्था पसलको पोष्टरमा ( पटके ) ....................................... रु.५०।-
नोट : यस सम्वन्धी विज्ञापन राख्ने स्थानको लागि नगरपालिकाको पुर्व स्विकृती लिनु पर्ने

## २५ . सम्पत्ति जग्गाको मूल्यांकन दस्तूर निम्नानुसार लिने ।

१. सम्पत्ति जग्गाको मुल्यांकन ........................................... रु ०. १० प्रतिशत ( **विधार्थीहरुलाई अध्ययनको लागि विदेश जादा सम्पत्ति मुल्यांकन दस्तुरको ५० प्रतिशत छुट दिईनेछ।** )

## २६. निम्नानुसारको सिफारिसमा निम्न बमोजिमको दस्तुर लिने ।

१. चौहदी प्रमाणित दस्तुर .. ... रु.५००।–
२. टिकट दस्तुर .. रु.१०।–
३. साधारण सिफारिस . रु.५०।–
४. मुद्दा सम्बन्धि सिफरिस . रु.२००।–
५. सर्जमिन गर्नु पर्ने सिफारिसमा रु.२००।–
६. कृषि उधोगको सिफारिसमा रु.२५०।००
७. .साना उद्योगको सिफारिसमा रु.५००।–
८. मझौला उधोगको सिफारिसमा .................................................. रु.१०००।
९. ठूला उधोगको सिफारिसमा .................................................. रु.२०००।
१०.नागरिकता फाराम ................................ रु.२०।–
११. अन्य प्रति फाराम रु.२०।–
१२. वंशजको नाताले नागरिकता सिफारिस रु.१००।–
१३. जन्मसिद्ध नाताले नागरिकता सिफरिस रु.१०००।–
१४. वैवाहिक अंगिकृत नागरिकता सिफारिस रु.१५००।–
१५. अंगीकृत नागरिकता सिफारिस रु.३०००।–
१६. घटना दर्ता (कानुनले लिनु पर्ने अवस्थामा) रु.५० ।
१७ अंग्रेजीमा बसोबास, जन्म ,मृत्यु,विवाह ,अविवाहित प्रमाणित दस्तुर रु.२५० ।
१८.अंग्रेजीमा नाता प्रमाणित दस्तुर रु.२५० ।
१९. प्रतिलिपी प्रमाणित दस्तुर रु.५०।
२० बसोबास प्रमाणित दस्तुर रु.१५०।–
२१ बसोबास प्रमाणित दस्तुर अग्रेजीमा रु.२५०।–

२२.अस्थायी बसोबास प्रमाणित दस्तुर रु.१५०।–
२३.टेक्टरको भंसार छुट सम्बन्धी सिफारिस रु.१०००।–
२४. पम्पसेटको भंसार छुट सम्बन्धी सिफारिस रु.२००।–
२५ चारा काटने मसिनको भन्सार छुट सम्बन्धी सिफारिसमा रु.१००।–
२६. बिद्युत जडानको सिफारिस रु.२१०।–
२७. कृषि औजार सम्बन्धि भन्सार छुट सिफारसि रु.२५०।–
२८. टेलीफोन नामसारी सिफारीस दस्तुर रु.१५०।–
२९. खानेपानी धारा जडान सिफारिस रु.१००।–
३० मदिरा डिलरसिप/पसल संचालन सिफारिस रु.२०००।–
३१. सार्वजनिक टेलिफोन सिफारिस रु.१५०।–
३२. संचार व्यवसायको सिफारिस ................................................ .. . रु.२५०।
३३. व्यवसायको नाामसारी /ठाउसारि दस्तुर रु.५००।
३४. घटना दर्ता मुचुल्का गर्नु पर्ने भए ( प्रत्येक सर्जिमनको लागि )..............................रु.२००।००

**नोट :** व्यवसाय कर बुझाउने सम्बन्धमा व्यवसाय कर बुझाउने म्याद प्रत्येक आ.व.को अषाढ मसान्त सम्म बुझाइ सक्नु पर्ने छ। तोकिएको म्याद भित्र पनि व्यवसाय कर बुझाउन नआएमा साउन मसान्त सम्म को लागि १० प्रतिशत थप दस्तुर लिने, पुस मसान्त सम्म २० प्रतिशतले थप दस्तुर लिने र सो म्याद भित्र पनि कर बुझाउन नआएमा ३० प्रतिशतका दरले विलम्ब शुल्क लिने । आफ्नो व्यवसाय ईजाजत पत्र कसैले अर्काको नाममा नामसारी गर्नुपरेमा लाग्ने व्यवसाय करमा ५० प्रतिशत दस्तुर लिई नामसारी गर्ने ।

**२७. न.पा. क्षेत्रमा विद्युत पोल जडान गरे वाफत ने. वि. प्रा.बाट प्रति पोल रु.१५।– र**

ट्रान्सर्फमरको प्रतिवर्गफुट रु. ८।– का दरले वार्षिक शूल्क लिने । विद्युत तार प्रति मिटर रु. ०.०१ पैसा लिने

**२८. नेपाल खानेपानी संस्थानले पाइप लाईन बिछ्याए वाफत प्रति मिटर रु. ०.५ पैसाका दरले मासिक सेवा शूल्क लिने ।**

**२९. केवुल ,डिस लाईनको प्रति मिटर रु.०.२ पैसा मासिक लिने ।**

**३०. नेपाल दुर संचार संस्थानले टेलिफोन लाईन तानेकोमा प्रति पोल वार्षिक रु. १०।–, केवल तारको प्रति मिटर ०.२५ पैसा - मासिक र टेलिफोन क्याविनेट बक्सको प्रति बक्स रु. २।– मासिक शूल्क लिने ।**

**३१. क) नियमानुसार नाता प्रमाणित दस्तुर लिने ।**

**ख) सर्जमिन मच्चुल्का गरे वाफत रु.२०० ।– लिने ।**

**३२. क.जग्गा खरिद बिक्रीको घर बाटो प्रमाणितमा प्रति कित्ताको** . .रु.१०००।- ( थप कित्ता भएमा प्रति कित्ता ५००।०० दरले थप )

ख. अशबण्डा, बकसपत्र को घर बाटो प्रमाणित .रु.५००।- ( थप कित्ता भएमा प्रति कित्ता २००।०० दरले थप )

**नोट : क) प्राकृतिक प्रकोपमा परेका, अनाथ, अशक्त, अपांगता भएका व्यक्तिहरुले सो सम्वन्धी व्यहोराको सिफारिश माग गरेमा सिफारिश दस्तुर लाग्ने छैन ।**

**ख) जेष्ठ नागरिक, अपाङ्ग एकल महिला परिवार र शहिद परिवार सदस्यहरुको सामाजिक सुरक्षा सम्बन्धि निवेदनमा निवेदन दस्तुर नलिने ।**

**३३. खानेपानी धारा जडान शूल्क**

१. कच्ची तथा ग्राइभेल सडक र फुटपाथ काटी धारा जडान गर्नु पर्नेमा रु.६००।–
२. सडक नकाटनु पर्ने सिफारिसमा रु.२००।-

**नोट :- पक्की सडक र फुटपाथ काटनु पर्नेमा सो कार्य गर्नमा लाग्ने सम्पुर्ण खर्च ल.ई. अनुसारको रकम सम्बन्धित व्यक्ति बाट धरौटि लिई अनुमती दिने र सम्वन्धीत व्याक्तिले मर्मत गरेमा मात्र धरौटी फिर्ता गर्न पर्ने ।**

**३४. नक्सापास भई घर बनाउंदा पाउने सहुलियत काठ सम्बन्धि सिफारिस रु.२१०।–**

**३५. नगर क्षेत्रभित्र कुनै घर,गोदाम,पसल,ग्यारेज,कारखाना,घरजग्गामा टहरा, पोखरी, मिल आदि बहालमा**

**दिएकोमा दिएको बहाल रकमको २ प्रतिशतका दरले बहाल कर लिने ।**

**३६. नक्सा पासमा निम्नानुसार दस्तुर लिने ।**

१. अत्तरिया नगरपालिकाको मुख्य बजार क्षेत्रको ५०० मिटर दाया वाया आवासीय प्रयोजनका लागि निर्माण हुने घरको प्रति वर्गफूट रु.५।–

२. कोहलपुर महाकाली राजमार्ग र धनगढी डडेल्धुरा सडकसंग जोडिएको स्थानमा व्यवासायिक प्रयोजनका लागि निर्माण हुने प्रति वर्गफूट रु.६।-

३. अ.न.पा. १,२,३,४ कोहलपुर महाकाली राजमार्ग र धनगढी डडेल्धुरा सडकमा जोडिएका वाहेकका सडकमा जोडिएका आवासीय प्रयोजनका घरहरुको प्रति वर्गफुट रु.४।५०

४. अ.न.पा. १,२,३,४ कोहलपुर महाकाली राजमार्ग र धनगढी डडेल्धुरा सडकमा जोडिएका वाहेकका सडकमा जोडिएका व्यवसायीक प्रयोजनका घरहरुको प्रति वर्गफुट रु.५।-

५.अ.न.पा. ५,६ र ७ कोहलपुर महाकाली राजमार्गमा जोडिएका ५०० मि. दाया वाया सम्म निर्माण हुने आवासीय प्रयोजनका घरमा प्रतिवर्ग फुट रु.४।००

६.अ.न.पा. ५,६ र ७ कोहलपुर महाकाली राजमार्गमा जोडिएका ५०० मि. दाया वाया सम्म निर्माण हुने व्यवसायीक प्रयोजनका घरमा प्रतिवर्ग फुट रु.४।५०

७.अ.न.पा. ५,६ र ७ कोहलपुर महाकाली राजमार्ग संग नजोडिएका ५०० मि. भन्दा वढी दुरीमा रहेका अन्य सडकहरुमा निर्माण हुने घरमा प्रतिवर्ग फुट रु.४।-

८. अ.न.पा. ८,९ र १० कोहलपुर महाकाली राजमागमर्मा जोडिएका ५०० मि. दाया वाया सम्म अन्य सडकहरुमा निर्माण हुने घरमा प्रतिवर्ग फुट रु.३।५०

९. अ.न.पा. ८,९ र १० कोहलपुर महाकाली राजमार्गमा जोडिएका वाहेक अन्य सडकहरुमा निर्माण हुने घरमा प्रतिवर्ग फुट रु.३।-

१०. अ.न.पा. ११ र १२ धनगढी डडेल्धुरा सडकमा जोडिएका ५०० मिटर दाया वाय सम्म निर्माण हुने घरमा प्रतिवर्ग फुट रु.४।५०

११. अ.न.पा. १३ धनगढी डडेल्धुरा सडकमा जोडिएका ५०० मिटर दाया वाय सम्म निर्माण हुने घरमा प्रतिवर्ग फुट रु.५।-

१२. अ.न.पा. ११,१२ र १३ कोहलपुर महाकाली राजमार्ग र धनगढी डडेल्धुरा सडकमा जोडिएका सडकहरुमा ५०० मिटर देखी १ कि.मि. सम्मको दुरिमा निर्माण हुने घरमा प्रतिवर्ग फुट रु.४।००

१२. अ.न.पा. ११,१२ र १३ कोहलपुर महाकाली राजमार्ग र धनगढी डडेल्धुरा सडकमा जोडिएका सडकहरुमा वाहेक १ कि.मि. भन्दा वढीको दुरिको सडक छेउमा निर्माण हुने घरमा प्रतिवर्ग फुट रु.३।००

१४. नक्सा पासको निवेदन किताव.................................................... रु.५००।

१५. नक्सा नामसारी दस्तुर...................................................................... रु.५००।

१६. नक्साको प्रतिलीपी प्रमाणित दस्तुर.......................................................... रु.५००।

१७. नक्सा पासको प्रमाण पत्रको प्रतिलीपी दस्तुर ............................................ रु.१५०।

१८. संन्धि सर्पन सम्वन्धी सार्वजनिक सूचना प्रकासन वाफत दस्तुर रु .....................रु२००।

१९. निर्माण सम्पन्न भइसकेको घर/पुराना घरहरुको दोब्बर शुल्क लाग्नेछ ।

**३७. एकिकृत सम्पत्ति कर लगाउने सम्वन्धमा घर जग्गाको मुल्यांकन सम्वन्धित समितिवाट गराई लागु गर्ने ।**

## अत्तरिया नगरपालिकाको चौथो नगर परिषद्बाट  पारित

### नीतिगत निर्णयहरुः

१। अत्तरिया नगरपालिकाका कार्यकारी अधिकृत श्री मोहन प्रसाद मरासिनीबाट स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९४(१)क र दफा १३० वमोजिम अत्तरिया नगरपालिकाको गत आ.व.२०७२।७३ को यथार्थ वार्षिक आय व्यय विवरण,  चालु आर्थिक वर्ष २०७३।०७४ को मंसिर मसान्त सम्मको यथार्थ आय व्यय विवरण, चालु आर्थिक वर्ष २०७३।७४ को संसोधित आय व्यय विवरण र आगाम आर्थिक वर्ष २०७४।०७५को वार्षिक आय व्यय अनुमान विवरणहरु, वार्षिक योजना तथा कार्यक्रमहरुको विवरण सहितको नगर विकास योजना एवं वजेट वक्तव्य मार्फत प्रस्तुत नीति र कार्यक्रमहरुलाई पारित गर्ने निर्णय गरियो । यसको पूर्ण विवरण यसै निर्णय पुस्तिकामा टाँस गरिएको छ ।

२। यस नगरपालिका कार्यालयमा गठन भएको लामो सयम बितिसक्दा पनि पदपुर्ति सम्बन्धि कार्य सुरु गर्न नसकिएकोमा अब पदपुर्ति समितिलाई पुर्णता दिई यथासक्य चाडो पदपुर्ति कार्य अगाडि बढाउने निर्णय निर्णय गरियो ।

३। यस नगरपालिका कार्यालयको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त संगठनात्मक संरचनाको सिमाभित्र रही नेपाल सरकारवाट खटाईने निजामती कर्मचारी वाहेकका अन्य कर्मचारीहरुको निम्नअनुसारको दरवन्दी स्विकृत गर्ने निर्णय गरियो ।

**दरबन्दी विवरण**

| सि.नं. | पदनाम विवरण | तह | साविक दरबन्दी संख्या | थप दरवन्दी संख्या |
|---|---|---|---|---|
| १ | सिभिल इन्जिनियर | अधिकृत स्तर छैठो तह (प्राविधिक) | १ | |
| २ | आर्केटिक इन्जिनियर | अधिकृत स्तर छैठो तह (प्राविधिक) | १ | |
| ३ | प्रशासकिय अधिकृत | अधिकृत स्तर छैठो तह (अप्राविधिक) | १ | |
| ४ | सव इन्जिनियर | सहायक स्तर पाँचौ तह (प्राविधिक) | २ | |
| ५ | अ.स.इन्जिनियर | सहायक स्तर चौथो तह (प्राविधिक) | १ | १ |
| ६ | सहायक स्तर | सहायक स्तर पाँचौ तह (अप्राविधिक) | ६ | |
| ७ | सहायक स्तर | सहायक स्तर चौथो तह (अप्राविधिक) | ७ | |
| ८ | कम्प्यूटर अपरेटर | सहायक स्तर पाँचौ तह (विविध, प्राविधिक) | १ | |
| ९ | सहायक कम्प्युटर अपरेटर | सहायक स्तर चौथौ तह (विविध, प्राविधिक) | १ | |
| १० | अमिन | सहायक स्तर चौथो तह (प्राविधिक) | १ | |
| ११ | हेभी सवारी चालक | श्रेणी विहीन | १ | २ |
| ११ | सवारीचालक | श्रेणी विहिन | १ | |
| १२ | कार्यालय सहयोगी | श्रेणी विहिन | ८ | |
| १३ | चौकीदार | श्रेणी विहीन | | १ |

४। नगरपालिका घोषणा हुनु पुर्व साविकका गा.वि.स.मा स्थायी रुपमा कार्यरत रही हाल नगरपालिकामा कामकाज गरिरहेका कर्मचारीहरुलाई नयाँ दरबन्दी संरचना कायम हुंदा साविक पद नरहेका स्थायी कर्मचारीहरुलाई प्रशासन सेवा तर्फको समान पदमा पदमिलान गर्ने निर्णय गरियो ।

५। कर्मचारीहरुको मनोवल उच्च राख्न र काम प्रति थप उत्प्रेरित गर्न सबै तह र श्रेणीका कर्मचारीहरुलाई यस कार्यालयमा लागू रहेको स्थानिय भत्ता, महंगी भत्ता, चाडपर्व खर्च लुगाभत्ता स्थाई अस्थाई करारमा कार्यरत कर्मचारीहरुलाई प्रदान गर्ने निर्णय गरियो । सबै तह र श्रेणीका कर्मचारीको रु एक लाख बिमा अङक हुने गरि कार्यालयको तर्फबाट जिवन बिमा गराईदिने निर्णय गरियो । सबै तह र श्रेणीका कर्मचारीलाई पोशाक भत्ता वापत को रकम उपलब्ध गराई अनिवार्य रुपमा कार्यालय पोशाक लगाउने निर्देशन गरियो ।

६। नगरपालिकामा कार्यरत सामाजिक परिचालक हरुलाइ निजले गर्ने कामका अतिरिक्त थप कामकाजमा लगाउनु पर्ने भएको र हाल कार्यलयमा स्विकृत दरबन्दि अनुसारको जनशक्ती पुर्ती नभएकाले नगरपालिका मातहतमा रहेसम्म सामाजिक परिचालकहरुलाई प्रोत्साहन स्वरुप मासिक रु ४,००० उपलब्ध गराउने निर्णय गरियो ।

७। न.पा. कार्यरत सम्पूर्ण कर्मचारी तथा सामाजिक परिचालकले कार्यालय समय भन्दा अहोरात्री खटीइ कामकाज गर्नुपर्ने तथा परिषदको लागी खटीन पर्ने भएकोले कर्मचारीहरुको मनोवल उच्च राख्न र कामकाजमा उत्साहका लागि यसै परिषदबाट लागु हुने गरि कर्मचारीहरुलाई १ महिना बराबरको तलब पुरुस्कार स्वरुप दिने निर्णय गरियो ।

८। यस नगरपालिकाका अवधि पुगेका स्थायी कर्मचारीहरुलाई स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार पदोन्नतती गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

९। नगरपरिषदबाट देहायबमोजिको अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

क) स्वीकृत बार्षिक नगरविकास कार्यक्रम तथा बजेटलाई औचित्य र आवश्यकताको आधारमा सामान्य संशोधन, थपघट वा हेरफेरगर्ने ।

ख) नगरपालिका श्रोतहरुको सम्भावनाको आधारमा राजश्व परमर्शको समितिको सिफारिसमा कर, दस्तुर, महसुल, शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नयाँ क्षेत्र पहिल्याइ कर कायम गर्ने ।

ग) नगरपालिकाको तर्फबाट लक्षित बार्षिक कार्यक्रमको उद्देश्य पुरा हुनेगरि सहयोगी दातृनिकाय एवं साझेदार संघसंस्थाहरुसँग द्विपक्षीय, बहुपक्षीय सम्झौता एवं समझदारी गर्ने ।

घ) कर्मचारी कल्याणकोष संचालन निर्देशिका लगायतका आवश्यक निर्देशिका विनियम कार्यविधिहरु तयार गरी गराई स्वीकृत गर्ने ।

ङ) स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३५(२) वमोजिम अत्तरिया नगरपालिकाको आ.व. २०७२।०७३ को र चालु आर्थिक वर्ष २०७३।०७४ को अन्तिम लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको छनौट नियुक्ति गर्ने ।

१०। आ.व. ०७४/७५ मा पनि नगरपालिका क्षेत्र भित्र एकिृकत सम्पत्ति करलाई निरन्तरता दिने निर्णय गरियो ।

११। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ को उपनियम (१) र (३) बमोजिम आगामि २ (दुई) बर्ष भित्र नगरपालिकाको दोहोरो स्रेष्ता प्रणालीमा आधारित प्रोदभावी लेखा प्रणाली (Accural Accounting System) लागु गर्ने र सो सम्बन्धमा आवश्यक सहयोगका लागि विभिन्न सरोकारवाला निकायहरु संग अनुरोध गर्ने निर्णय गरियो ।

१२। प्रचलित ऐन, नियमसंग नबाझिएको हद सम्म नगरपालिका बोर्डबाट मिति २०७३ श्रावण १ गते देखि २०७३ पौष २४ गते सम्म भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१३। यस अत्तरिया नगरपालिकामा बालमैत्री स्थानीय शासन (Child friendly Local Governance CFLG) र वातावरण मैत्री स्थानीय शासन (Environment Friendlyn Local Governance EFLG), कार्यक्रम संचालनमा सहयोगको लागि १० प्रतिशत रकम छुट्याउने निर्णय गरियो । सहयोगको लागि नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

१४। स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ परिच्छेद ४ को बुदां नं. ३१ मा भएको व्यवस्था अनुसार प्रत्येक आ.व.को बार्षिक कार्यान्वयन कार्यतालिका स्वीकृत गरी स्वीकृत कार्यतालिका बमोजिम योजना तथा कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले आ.व. ०७३/०७४ मा संचालन हुने भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरुको बार्षिक कार्यान्वयन कार्य तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

बार्षिक कार्यतालिका आ.व. ०७३/०७४

| सि.नं. | कार्य विवरण | महिना | | | | | | | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | बैशाख | जेष्ठ | असार | |
| १ | आयोजनाहरु को मार्ग, छनौट र निर्णय | | | | | | | | | | | | | |
| २ | आयोजनाहरुको सर्भे, डिजाइन तथा लागत इष्टिमेट तयार गर्ने | | | | | | | | | | | | | |
| ३ | कार्यक्रम पेश तथा स्वीकृती | | | | | | | | | | | | | |
| ४ | आयोजनाहरु | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | को कार्य संचालन | | | | | | | | | | | | | |
| ५ | आयोजनाको अनुगमन तथा जाँचपास तथा फरफारक | | | | | | | | | | | | | |

१५। नगरपालिकाको नगरपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेका योजनाहरुको प्रभावकारी अनुगमन गर्न स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३३ (२) बमोजिमको सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरी योजनाहरुको अनुगमन गर्ने निर्णय गरियो ।

१६। साविकका गाउ विकास समितिहरुमा करार सेवामा नियुक्त भई हाल अत्तरिया नगरपालिका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप गर्न तोकिएको पदहरुमा करार सेवामा जनशक्ति व्यवस्थापन गर्ने अधिकार नगरपालिका वोर्डलाई प्रत्यायोजन गर्ने र निजहरुलाई हालसम्म भुक्तानी गरिएको तलव भत्ताको रकम अनुमोदन गर्ने निर्णय गरियो । साथै तोकिएको पदहरुमा करार सेवामा जनशक्ति व्यवस्थापन गर्न नगरपालिका वोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१७। यस अत्तरिया नगरपालिकाको आन्तरिक राजश्व परिचालनको कार्यको सदुढ गराउनको लागि वहाल कर, सवारी कर, व्यवसाय कर उठाउने कार्यमा सहयोगका लागि आन्तरिक राजश्व कार्यालय कैलाली, यातायात व्यवस्था कार्यालय कैलाली, यातायात व्यवसायी संघ, वाणिज्य कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र अत्तरिया उद्योग वाणिज्य संघ संग समन्वय गर्ने निर्णय गरियो ।

१८। स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २१५ र २१८ वमोजिम यस नगरपालिका क्षेत्र भित्रका प्राकृतिक श्रोत साधनहरुको विकि वितरणवाट जि.वि.स. कैलालीबाट प्राप्त हुने रकमको ५० प्रतिशत रकम यस नगरपालिकाको खातामा तत्कालै उपलब्ध हुने व्यवस्थाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

१९। नगरको वस्तुगत योजना तयार गर्ने र पाँच बर्षे आवधिक नगर विकास योजना निमार्णमा सहयोगका लागि संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय पारित गरियो ।

२०। स्थानीय स्वायत्त शासन नियमावली २०६४ को नियम ११८ (क) बमोजिम गठित अत्तरिया नगरपालिकाको नगर स्तरीय राजश्व परामर्श समितिको सिफारिस र परामर्शदाताबाट प्राप्त राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन बैठकमा पेश भै छलफल भयो र ती प्रतिवेदनहरुलाई स्वीकृती प्रदान गरियो । नगरस्तरिय राजस्व परामर्श समितिवाट सिफारिश भएका अनुसूचि ३ अनुसारको करका दरहरु पारित गर्ने निर्णय गरियो ।

२१। नगरपालिकाको गुरुयोजना विना व्यवस्थित सहर निर्माण हुन नसक्ने भएकोले यसका लागि नगरपालिकाले पनि बजेट बिनियोजन गरेकाले थप सहयोगका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मन्त्रालयलाई अनुरोध गर्ने र सहरी विकास मन्त्रालय र अन्य सम्बन्धित निकायहरुसंग समन्वय गरि नगर गुरुयोजना निर्माण गर्ने निर्णय गरियो ।

२२। नगरक्षेत्र भित्र सडक निर्माण गर्दा ग्रावेलको हकमा सडकको चौडाई कम्तीमा ६ मिटर हुनु पर्ने र कालोपत्रेको हकमा सडकको चौडाइ कम्तीमा ८ मिटर हुनु पर्ने निर्णय गरियो ।

२३। नगरपालिकाको समग्र ढल निकासको गुरुयोजना तयार गरि नगरपालिका भित्र व्यवस्थित ढल निमार्ण र मर्मत सुधार गर्ने र सो का लागि नगरपालिकाले सम्वन्धित निकायसँग साझेदारी गर्ने निर्णय गरियो ।

२४। नगरपालिकाको सर्वपक्षीय बैठकबाट पारित घरनक्सा सम्बन्धि देहाय बमोजिमको मापदण्ड अनुमोदन गर्ने तथा थप व्यवस्थित गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय कैलाली तथा सरोकारवाला अन्य निकाय सँग समन्वय गरी सो सम्बन्धी कार्य विधि तयार गरि गराई लागु गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने ।

**भवन निर्माण सम्वन्धी मापदण्ड**

१। नगरविकास समिति क्षेत्र भित्र पर्ने वजार क्षेत्रमा घर निर्माण गर्दा अगाडी र पछाडी २।२ फिटको छज्जा (स्लयाव ) वढाउन पाउने तर छज्जा माथि कोठा निर्माण गर्न नपाउने ।

२। ग्रामिण वा आवासिय क्षेत्रमा घर निर्माण गर्दा वातावरण संरक्षण पुर्‍याउनको लागि कम्तीमा ५ वटा विरुवा अनिवार्य वृक्षारोपण गर्नु पर्नेछ ।

३। घरकम्पाउण्ड भित्र परेको पानीलाई ढल वा नालामा नपठाई कम्पाउण्ड भित्र जमिन मुनि पानी Recharge गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

४। घरको उचाई ५५ फिटमा नवढने गरि ५ तला सम्म निर्माण गर्नु पर्नेछ ।

५। कम्पाउण्ड वालको उचाई वढीमा ४ फिट हुनु पर्ने र सो भन्दा माथिको भागमा फलामे रेलिङ्ग मात्र राख्न पाइने ।

६। ग्रामिण क्षेत्रमा घर निर्माण गर्दा मुल सडकवाट १२ फिट र शाखा सडकवाट ६ फिट छोडेर घर निर्माण गर्नु पर्ने वाकी ३ तिरका संधियारहरुको साधवाट कम्तीमा ३।३ फिट छोडी घर निर्माण गर्नु पर्नेछ ।

७। घर निर्माण गर्न ईजाजत लिएको मितिले २ वर्ष भित्र निर्माण कार्य गरि सक्नु पर्दछ । सो अवधीभित्र नगरपालिकावाट स्विकृत नक्सामा केही हेरफेर गर्ने, कोठा थप्ने, मोहडा फेर्ने आदी कार्य गर्नु परेमा वढी हुन आउने भागमा नगरपालिकाले निर्धारण गरे अनुसारको थप दस्तुर लिई नक्सापास गरिनेछ । सो अवधी भित्र निर्माण कार्य पुरा नभएमा थप म्यादका लागि निवेदन दिएमा नविकरण दस्तुर लिई ईजाजत नविकरण गर्न सकिनेछ । थप गरिएको म्याद भित्र पनि निर्माण कार्य पुरा नभएमा पुनः नियमानुसार नया नक्सादर्ताको प्रकिया अपनाउनु पर्नेछ ।

८। अत्तरिया नगरपालिका क्षेत्र भित्र वाटो सार्वजनिक गर्दा कम्तीमा ६ मिटरको वाटो मात्र सार्वजनिकका लागि सिफारिश गरिनेछ ।

९। कोहलपुर– महेन्द्रनगर, धनगढी –डडेल्धुरा सडकमा जोडिएका घडेरीहरुमा घर निर्माण गर्दा सडकको दायावाया सडक क्षेत्र २५ मिटरमाथप ६ मिटर छोडी घर निर्माण गर्नु पर्नेछ ।

१०। घर निर्माण गर्दा वाटो सडक यातायाततथामानिसहरुको आवतजावतगर्न असुविधा हुने गरि माटो, ढुगां, ईटा, वालुवा आदि निर्माण सामाग्री थुपारि राख्न पाइने छैन ।

११। भवन आचार सहिता सम्वन्धि मापदण्ड २०७२ लाई पुर्णरुपमा लागु गर्ने निर्णय गरियो ।

१२। नक्सापास ३ चरणमा गरिने छ ।

क) घर निर्माण गर्नु पुर्व प्लिन्थ लेवलसम्मको अनुमती

ख) त्यसपछी सुपरस्ट्रक्चर सम्मको अनुमती

ग) अन्तमा निर्माण सम्पन्न प्रमाण पत्र

१२) साविकका गाउँ विकास समितिहरु वाट अनुमती नलिई निर्माण भएका घरहरु नक्सापासको लागि अनुरोध भई आ.व. ०७३/०७४ भित्र आएमा नियमानुसार लाग्ने शुल्क लिई नक्सापासको लागि अवलम्वन गर्नु पर्ने सम्पुर्ण प्रकियाहरु पुर्‍याई तोकिएको मापदण्ड पुरा गरेका घरको नक्सापास गरी घर निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराउन सकिनेछ साथै उक्त समय पछि घरनिर्माण पश्चात नक्सा पास प्रक्रियामा सामेल हुनेहरुको हकमा सत प्रतिशत थप दस्तुर लिई नियमानुसार प्रक्रिया अवलम्वन गरि कार्वाही अगाडी बढाइने छ ।

**भवननिर्माण सहिता २०६० अनुसार पालना गर्नु पर्ने नियम :**

क) पिल्लरवालाभवनको हकमा

१। पिलरको साईज न्युनतम १२ ईन्च १२ ईन्च को हुनु पर्दछ ।
२। नगरपालिकावाट स्विकृती प्राप्त वाहेक सवै पिल्लरहरु ग्रिडमा हुनु पर्दछ ।
३। भवनको सवै गारोमा सिल तथा लिन्टल व्याण्ड हुनु पर्दछ ।
४। विम र पिल्लरको जोर्निमा पर्याप्त **Anchorage length** हुनु पर्नेछ तथा विमका डण्डीहरु सवै पिल्लरका डण्डी भित्र हुनु पर्नेछ ।
५। सिमानामा पर्ने लगायतका **Ecceatric footing** भएकापिलरहरुको **Strap bean hud** हुनु पर्नेछ ।

**ख) गारोवाला भवनको हकमा**
१। गारोको मोटाई न्युनतम १० ईन्च हुनुपर्नेछ ।

२। सवै गारोमाप्रत्येक २ फिटको उचाईमा Stitch हुनु पर्नेछ ।
३। सवै गारो सिलतथा लिन्टल व्याण्ड हुनुपर्नेछ ।
४। प्रत्येक कुनामा ठाडो डण्डी हुनु पर्नेछ ।
५। झ्याल,ढोका,भेन्टिलेसनहरु गारोको कुनावाट २ फिट टाढा हुनु पर्नेछ ।

२५। स्वीकृत नक्शा पास बमोजिम निर्माण कार्यहरु भए नभएको यकिन गर्न प्रभावकारी अनुगमनको व्यवस्था गरी सो विपरित कार्य गर्नेलाई नियमानुसार कारवाही गर्ने निर्णय गरियो ।

२६। यस नगरपालिकाको प्रथम नगरपरिषदबाट निर्णय भइसकेको वडा नं. १३ स्थित दिव्यारोजिन एण्ड टर्पेन्टाइन प्रा.लि.ले प्रयोग गरेको पर्खाल सहितको आवसीय क्षेत्रलाई नगरपालिकाको भौतिक पूर्वाधार निमार्णका लागि नगरपालिकालाई स्वामित्व हस्तान्तरण हुने व्यवस्थाका लागि नेपाल सरकारसँग पुनःअनुरोध गर्ने निर्णय गरियो ।

२७। कार्यालयको जिन्सी शाखामा रहेको टुटेफुटेका काम नलाग्ने सामाग्रीहरुको नियमानुसार लिलामी प्रक्रिया अगाडि बढाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२८। स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ अनुसार नगरपालिकामा स्थापना भएका विभिन्न कोषहरुको संचालन गर्न कार्यविधि बनाई सोही बमोजिम कोषहरु संचालन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२९। स्थानीय स्वायत्त शासन २०५५, नियमावली २०५६ तथा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम पुँजीगत अनुदानबाट आयोजना तथा कार्यक्रम व्यवस्थापनका लागि कन्टीजेन्सी बाफत कट्टा गरी खर्च गरिने रकमको कन्टीजेन्सी योजना तयार गरी सोही अनुरुप खर्च गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

३०। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० उपनियम १ को खण्ड (व) अनुसार यस कार्यालयमा कार्यरत कर्मचारीको आ.व. ०७२/०७३ को बार्षिक तलबी प्रतिवेदन समर्थन र आगामी आ.व. ०७४/०७५ को लागी प्रस्तावित तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

३१। आ.व. ०७२।०७३ मा साविकका गा.वि.स. र नगरपालिकाबाट कार्यान्वयन गरिएका र प्रचलित कानून बमोजिम प्राविधिकको कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी समेत भइसकेका योजनाको जाँचपास सम्बन्धि निर्णय अनुमोदन गरी फरफारक गर्ने निर्णय गरियो ।

३२। खुलादिशा मुक्त अभियानलाई द्रुत गतिमा अगाडि बढाउन सबै सरोकारबालाहरु सँग समन्वय गरी एक बर्ष भित्र नगरपालिका क्षेत्रलाई खुलादिशा मुक्त घोषणा गर्ने र साथै लैङ्गिक समावेशीतालाई मध्यनजर गरी लैङ्गिकमैत्री शौचालय नभएका सामुदायिक विद्यालयहरुलाई नगरपालिकाले सहयोग गर्ने निर्णय गरियो ।

३३। City Civil code तयार गरी कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने ।

३४। नगरपालिकामा समाहित भएका साविकका गा.वि.स.हरु (मालाखेती, गेटा, श्रीपुर, बेलादेवीपुर) को आ.व. ०७२।०७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदन आजको बैठकमा पेश भै छलफल भयो । उक्त लेखापरिक्षण प्रतिवेदनले औल्याएका सुझावहरुलाई कार्यान्वयन गर्न नगरपालिकालाई निम्न निर्देशनहरु दिने निर्णय गरियो ।

(क) अन्तिम लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरुजु रकम मध्ये असुल गर्नुपर्ने रकम तत्कालै असुल गर्ने, नियमित गर्नुपर्नेको हकमा प्रमाण कागज संकलन गरी गराई सम्परीक्षण गर्ने गराउने प्रकृया अगाडी बढाई बेरुज शुन्य बनाउने ।
(ख) पेश्की बेरुजुको असुल तथा फछ्र्यौटको कारबाहीलाई उच्च प्राथमिकता राखी कार्ययोजना सहित अगाडि बढने ।
(ग) आइन्दा बेरुजु नआउने गरी आर्थिक कारोबार गर्न ध्यान दिने ।
(घ) पेश्की माथि पेश्की नदिने, पेश्की दिने कार्यलाई पूर्णतः निरुत्साहित गर्ने ।

३५। यस अत्तरिया नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र सरकारी तथा सार्वजनिक भवन निर्माणको लागि अनुमति प्रदान गर्दा अर्थात नक्सा पास गर्दा अपांग मैत्री भए मात्र पास गर्ने अनिवार्य व्यवस्था मिलाउने निर्णय गरियो ।

३६। यस अत्तरिया नगरपालिका क्षेत्र भित्रको फोहरमैलालाई व्यवस्थापन गर्नको लागि फोहर मैला प्रसोधन केन्द्र field को आवश्यकता पर्ने भएकोले सो प्रयोजनको लागि अत्तरिया नगरपालिका क्षेत्र भित्रको संभावित स्थानमा सो को सम्भाव्यता अध्ययनका लागि श्री फोहरमैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्र ललितपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

३७। नगरपालिका भित्र संचालित घर भित्रको धुवाँ रहित वस्ती, पुर्ण खोपयुक्त, पुर्ण साक्षर, खुलादिशा मुक्त जस्ता अभियानहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

३८। नेपाल सरकार वातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड अनुरुप प्लाष्टिकको प्रयोगमा २०७३ साल साउन १ देखि बन्देज लगाउने निर्णय भए अनुसार त्यसलाई निरन्तरता दिने निर्णय गरियो ।

३९। सुदूरपश्चिमको केन्द्रविन्दुमा अवस्थित यस नगरपालिका क्षेत्र हुदै सुदूरपश्चिमका सबै जिल्लामा सार्वजनिक यातायातहरु आवागमन हुने गरेको तर व्यवस्थित बसपार्क नहुदाँ ट्राफिक व्यवस्थापन लगायत, शहरी सुरक्षा, सरसफाई व्यवस्थापनमा असहजता भएकाले हाल संचालनमा रहेको बस बिसौनीलाई स्तरोन्नती गरी नगरक्षेत्र भित्र क्षेत्रीयस्तरको बसपार्क निर्माणमा सहयोगका लागि संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, शहरीविकास मन्त्रालय लगायतका निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

४०। यस अगाडीकै नगरपरिषदले स्वीकृत गरेको मर्मत सम्भार विशेष कोष संचालन कार्यविधि, उपभोक्ता समिति संचालन कार्यविधि तथा अनुगमन निर्देशिका प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

४१। व्यवस्थित शहरका लागि नगरका विभिन्न स्थानमा खुला क्षेत्र हुनु अति आवश्यक हुने र भूकम्प तथा अन्य विपद् प्रयोजनमा त्यस्ता क्षेत्रहरु प्रयोग गर्न सकिने भएकाले सरोकारवालाहरुसँग परामर्श छलफल गरी सबै वडाहरुमा खुला क्षेत्र तोकी त्यस्ता स्थानहरुलाई खुल्ला क्षेत्रमा समावेश गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत गृह मन्त्रालयमा अनुरोध गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

४२। यस नगरपालिकालाई बालमैत्री नगरको रुपमा विकास गर्न सम्बद्ध निकायहरु (Unicef, World vision लगायत) सँग समन्वय गरि सो सम्बन्धी कारबाही अगाडि बढाउन नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

४३। एसियाली विकास बैंक (ADB) को सहयोगमा शहरी विकास तथा भवन निर्माण विभाग, एकिृकत शहरी विकास आयोजनाले सु.प. विकास क्षेत्रका भिमदत्त - धनगढीको कोरिडोरमा अवस्थित नगरपालिकाहरुमा **Second Integrated Urban Development Project** लागु गर्ने प्रस्तावको स्वागत गर्दै यथाशिघ्र चाँडो कार्यान्वयनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

४४। दमकल खरिदका लागि चालु आर्थिक बर्षमा वजेट निकासा भएकोले यथाशिघ्र खरिद गरी २४ सै घण्टा संचालन हुने गरी व्यवस्था मिलाउने निर्णय गरियो ।

४५। यस नगरपालिकाको चौथो नगरपरिषद सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्‍याउनु हुने विशिष्ठ अतिथि ज्यू, राजनीतिक दलहरु, सरकारी तथा गैरसरकारी निकायहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, संचारकर्मी, समाजसेवी, बुद्धिजीवि, कार्यालयका कर्मचारीहरु लगायत सम्पुर्ण नगरवासी दाजुभाई तथा दिदिवहिनीहरु प्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

४६। स्थानीय निकाय (आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२ (१) बमोजिम रु. १० करोड भन्दा बढी खरिद गर्नु पर्ने अवस्था अत्तरिया नगरपालिकामा हाल नरहेको र हालै घोषणा भएको यस नगरपालिकाका लागि स्थानीय निकाय, आर्थिक प्रशासन नियमवली २०६४ को नियम ६२ (५) बमोजिम यस आ.व. ०७४/०७५ मा लागि खरिद गर्नु पर्ने सामान एवं कार्यक्रमको हकमा तयार भै पेश भएको बार्षिक खरिद योजनालाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

४७। वडा भेला र वडा नागरिक मञ्चबाट शिफारिश भएर आएका मध्ये नगरपालिकाको सीमित वजेटका कारण यस चौथो नगर परिषद्बाट स्वीकृत हुन नसकेका सडक, नदी नियन्त्रण/तटबन्ध, सिंचाई, खानेपानी, पुल/कल्भर्ट जस्ता ठुला योजनामा वजेटको व्यवस्थाका लागि इलाका गोष्ठि मार्फत जिल्ला परिषद् र सम्बन्धित निकायमा शिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : नगर परिषदबाट पारित भएका निर्णयहरु कार्यकारी अधिकृतले प्रमाणित गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ५ : अत्तरिया नगरपालिकाको चौथो नगरपरिषद् सम्पन्न गर्न खटिने नगरपालिकाका सम्पूर्ण कर्मचारीलाई खाईपाई आएको मासिक तलव बराबर एक महिनाको तलव प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६ : नगरपालिकासंग समन्वय गरी काम गर्न चाहने र परिषद् अगावै कार्यक्रम पेश गरेका GIZ, सुआहारा, फाया नेपालको कार्यक्रम नगर विकास योजनाको पुस्तिकामा समावेश गर्ने ।